# भिक्खुत्रयी

## (राहुल साँकृत्यायन,
## आनन्द कौशल्यायन र
## जगदीश काश्यप)

—लेखक—
रत्नसुन्दर शाक्य
"परियत्ति सद्धम्मपालक"
भक्तपुर

—प्रकाशक—
धर्मोदय सभा, भक्तपुर शाखा
मुनिविहार
भक्तपुर

Downloaded from http://dhamma.digital

प्रकाशक—

धर्मोदय सभा, भक्तपुर शाखा

मुनिविहार

भक्तपुर

(सर्वाधिकार सुरक्षित)

बुद्ध सम्बत् २५३६

नेपाल सम्बत् १११२

विक्रम सम्बत् २०४९

ईस्वी सम्बत् १९९२

मूल्यः— रू. १५।—

मुद्रक :

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फो. नं. २२-१०-३२

Downloaded from http://dhamma.digital



भदन्त आनन्द कौशल्यायन - भिक्षाटनको बेला
(श्रीमती सन्तनिहालसिंहको घरद्वारमा)

Downloaded from http://dhamma.digital

# मेरो कामना

'धर्मोदय' पत्रिकाको सम्पादनकालमा जुनसुकै आ-आफ्नो रचना 'धर्मोदय' पत्रिकामा ( नेपालभाषामा ) प्रकाशित गर्न अनुमति दिइराखेका भारतका ३ जना बौद्धविद्वान्हरूको जीवनी रत्नसुन्दर शाक्यले लेखी निकै राम्रो काम गर्नुभयो।

'धर्मोदय' पत्रिकाको प्रत्येक विशेषाङ्कको निमित्त लेख ( रचना ) पठाउने वहाँहरू तीनैजना विद्वान्हरूले आ-आफ्नो कृतिहरू जहिले, जुन भाषामा अनुवाद गरी प्रकाशित गर्नुपरेतापनि अनुमति लिनु नपर्ने वचन दिइराखेका थिए, तर अनुवाद न्यायपूर्णरूपमा हुनुपर्ने कुरालाई अवगत गराउनु त अवश्यम्भावी हो। विशेषतः नेपाल भाषामा दिलचस्पी राखनुभएका यी बौद्धविद्वान्हरूले नेपालमा बुद्धधर्म प्रचार-प्रसारार्थ हरतरहले मदत गरेर जानुभएको थियो।

मैले "महापण्डित राहुल साँकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यप" तीनै रचना पढिसकेको छु। तीनै रचना संक्षिप्त भएपनि सारपूर्ण रहेको छ।



Downloaded from http://dhamma.digital

वहाँहरू तीनै जना बौद्धविद्वान्हरूसित मैले सहवास गर्ने मौका पाएको छु। अतः यस पुस्तकमा वहाँहरू तीनैजनाको व्यक्तित्व र चरित्रचित्रण सहीरूपमा भएको कुरा म यथार्थ रूपमा भन्न सक्छु।

श्री रत्नसुन्दर शाक्यको तर्फबाट यस्ता विशिष्ट बौद्ध व्यक्तित्वहरूको जीवनी धेरै नै प्रकाशित गरिसकिएको छ। पुनः प्रकाशित गर्दै जानेछन् भन्ने आशामा छु।

विजयादशमी-बु. सं. २५२६
कलिङ्गको विजयपछि कलिङ्गका जनताको मृत्यु र रक्तपातदेखि विरक्त भई सम्राट् अशोकले शस्त्र त्याग गरेको विजय-दिवश

—भिक्षु सुदर्शन
श्रीकीर्ति विहार
कीर्तिपुर
फोन नं.:-२-१६८३६



Downloaded from http://dhamma.digital

# निवेदन

"भिक्खुत्रयी नाम सदा अमर"— यो भाव हो, त्रिपिटकाचार्य डा. भिक्षु धर्मरक्षित (सन् १९२३–७७) को।

वहाँले सदा अमर मानिएका महापण्डित राहुल साँकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यपको जीवन–चरित्रबाट आफू पनि प्रभावित भई पाठकहरूलाई पनि प्रभावित तुल्याउने आशयले मैले वहाँहरूको जीवनी लेखी प्रस्तुत गरेको हूँ।

वास्तवमा यस पुस्तकमा आएका बौद्धविभूतिहरूको जीवनी पहिले ( आनन्द–भूमि पत्रिकामा प्रकाशित ) को भन्दा केही विस्तृत रूपमा लेख्ने प्रेरणा मलाई स्वयं महापण्डित राहुल साँकृत्यायनकी धर्मपत्नी डा. कमला साँकृत्यायनले दिनुभएको थियो।

३१ मई १९९१ तदनुसार १७ जेष्ठ २०४८ का दिन भिक्षु बोधिसेन, भिक्षु सुशोभन ( हाल मित्र सुशोभन ) का साथ दार्जीलिङ्ग भ्रमण गर्न पुगेको थिएँ, त्यसै बेला सर्वप्रथम



Downloaded from http://dhamma.digital

डा. कमला सांकृत्यायनलाई दार्जीलिङ्गस्थित लरेटो कलेज ( Lareto College ) मा भेट गर्ने सुअवसर प्राप्त भएको थियो। त्यस दिनको साँझतिर 'राहुल निवास' मा डा. कमला साँकृत्यायनसित एक–डेढ घण्टाको भेटवार्तामा वहाँले मलाई ९ अप्रिल १९९२ देखि महापण्डित राहुल साँकृत्यायनको जन्म शताब्दी वर्षको शुभारम्भ हुने कुरा याद दिलाउनु भएको थियो।

'धर्मोदय सभा' को तत्वावधानमा 'तेस्रो राष्ट्रिय बौद्ध सम्मेलन' पूर्वाञ्चलस्थित सुनसरी जिल्लाको धरानमा २०४८ साल पौष ७, ८ र ९ गते सुसम्पन्न भएको थियो, त्यस सम्मेलनमा आफू पनि "धर्मोदय सभा, भक्तपुर शाखा" को एक प्रतिनिधिको रूपमा सहभागी हुने अवसर प्राप्त भएको थियो। विशेषकारणवश त्यसबेला आफू एक हप्ताभित्र काठमाडौं आइपुग्नुपर्ने काम पर्न आएको कारण आफ्नो लक्ष्य अनुरूप ९ पौष २०४८ का दिन धरानबाट दार्जीलिङ्गको निमित्त प्रस्थान गरेको थिएँ साथै "पोखरा ज्ञानमाला संघ धर्मशीला बुद्धविहार" का सचिव कृष्णमान गुभाजू र वहाँकी धर्मपत्नी सरिता पनि।

२५ डिसम्बर १९९१ (१० पौष २०४८) का दिन हामी "राहुल निवास" मा जाँदा डा. कमला साँकृत्यायन कलेजमा छुट्टी ( Vacation ) हुनाको कारण २० डिसम्बर



Downloaded from http://dhamma.digital

१९९१ का दित नै दिल्ली ( आफ्नी पुत्री जया पडहाककहाँ ) जानुभएको कुरा वहाँको एक स्वबन्धूबाट थाहा पायौं। अतः आफूले लिएर गएको आफ्नो पहिलो पुस्तक "नेपालको इतिहासमा कलङ्कित घटना" ५ प्रति र अन्य डा. कमला साँकृत्यायनसित नभएका केही दुर्लभ ( राहुल सम्बन्धी ) फोटोहरू छोडेर आएका थियौं ।

यसको जवाफ ( पत्र ) नसोचिएको रूपमा दुई महिना पछि घर ( भक्तपुर ) मा पुग्यो। डा. कमला साँकृत्यायनले त्यस पत्र आफू दिल्लीबाट दार्जीलिङ्ग पुगेको भोलिपल्ट ( २८ फरवरी १९९२ ) नै पठाउनुभएको थियो। पत्रमा उल्लिखित यी शब्दहरू मेरो निम्ति प्रेरणापद हुन गएको छ—

"नेपालको इतिहासमा कलङ्कित घटना— मैले एकै सिटिङ्गमा पढें । राम्रो लेखनुभएको रहेछ । भदन्त महाप्रज्ञाज्यूसँग मैले कालिम्पोङ्गमा भेट गरे जस्तो लाग्दैछ । यहाँले यस्तो खोजपूर्ण कृतिहरू लेखेर प्रकाशित गर्नुभएको मा मलाई साह्रै आनन्द लागेको छ। भविष्यमा पनि लेख्दै रहनुहोला ।"

यसको अतिरिक्त वहाँले त्यस पत्रमा पनि ९ अप्रिल १९९२ देखि राहुल साँकृत्यायनको जन्मशताब्दि वर्ष शुरू हुन लागेको कुरा अवगत गराएकी थिइन् ।



Downloaded from http://dhamma.digital

यसरी वहाँसंगको भेटघाटको बेला एवं पत्रमा पनि उल्लिखित कुरालाई हृदयङ्गम गरी मैले महापण्डित राहुल सांकृत्यायनको जीवनी पुनः एकपटक पहिले ( महापण्डित राहुल सांकृत्यायन–आनन्दभूमि, वर्ष–१२, अङ्क–३ ) को भन्दा विस्तृत रूपमा लेखेको हुँ। महापण्डित राहुल सांकृत्यायनको जीवनी लेख्दा–लेख्दै वहाँको निकटतम रही पाली साहित्यको उद्धार कार्य गर्नुभएका वहाँकै गुरुभाइ द्वय ( भवन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यप ) लाई पनि समावेश गर्ने बिचार आए अनुरूप वहाँहरूको जीवनी पनि पहिले ( 'भवन्त आनन्द कौशल्यायन'—'आनन्दभूमि', वर्ष–१६, अङ्क–४ र 'भिक्षु जगदीश काश्यप'—'आनन्दभूमि'—वर्ष–१८ अङ्क–१२ ) को भन्दा केही विस्तृतरूपमा लेखी प्रस्तुत गरेको हुँ।

वहाँहरू ३ जना बौद्ध विद्वान्हरूले पालीसाहित्यको उद्धार कार्य गरेको बारे स्वयं महापण्डित राहुल सांकृत्यायन बताउनुहुन्छ—

"हिन्दी–भाषीयोंमें पालीकी ओर विशेष ध्यानदेनेवाला मैं पहला आदमी था। मुझे कितनी अडचनोंका सामना करना पडा था। ... ... ... ... ...

मेरे आरम्भकरते समय पालीका विशाल वाङमय बिलकुल अपरिचितसा था। "धम्मपद" को छोड और किसी पुस्तकका हिन्दीमें अनुवाद नहीं हुआ था। ... ... ... ...



Downloaded from http://dhamma.digital

मैंने फिर आनन्दजीने और बादमे भिक्षु जगदीश काश्यपने हिन्दीको पाली-साहित्यके अनुवादकोंसे समृद्ध किया।"

( मेरी जीवन यात्रा, भाग-५, पेज-११२ )

मेरो यस "भिक्खुत्रयी" जीवनीको पाण्डुलिपि पनि प्रा. सुवर्ण शाक्यले भाषा संशोधन गरिदिनुभएको कारण मलाई सन्तोष लागेको छ। वहाँबाट यस्तै रूपले पाण्डुलिपिको भाषा संशोधन गरिदिने वचन दिइराख्नु भएको कारण मेरो कलम चलिरहेको कुरा पाठकहरूलाई अवगत गराउन चाहन्छु।

यस पुस्तकमा देखिएका प्रायः सम्पूर्ण फोटोहरूको सौजन्य भिक्षु महानाम महास्थविर हुनुहुन्छ, यसको साथै अन्य विशेष सुझाव एवं सरसल्लाह दिनुभएको कारण भिक्षु महानाम महास्थविरप्रति म विशेष रूपमा ऋणी छु। यस्तै यस पुस्तकको निमित्त दुई शब्दको रूपमा "मेरो कामना" लेखिदिनुभएका भिक्षु सुदर्शन महास्थविरप्रति पनि म अति कृतज्ञ छु ताकि वहाँले आफ्नो निकै अस्वस्थावस्थामा पनि तीनैजनाको जीवनी पढनुभई पुस्तकको तौल एवं शोभा बढाइदिनुभयो।

मेरो यस पुस्तकलाई प्रकाशन गरिदिने जिम्मा ( अभिभारा ) लिइदिएको मा "धर्मोदय-सभा—भक्तपुर



Downloaded from http://dhamma.digital

शाखा" लाई सश्रद्धाका साथ धन्यवाद दिदैं पुस्तक पाठकहरूलाई सुगमताका साथ अध्ययन गर्न सकिने गरी राम्रोसँग छपाइ गरिदिएको मा "नेपाल प्रेस" परिवारलाई पनि धन्यवाद टक्र्याउंछु ।

विजयादशमी
२० आश्विन २०४६

रत्नसुन्दर शाक्य
थालाछें टोल
भक्तपुर–४

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

बौद्धोपासक रत्नसुन्दर शाक्य, थालाछेँद्वारा लिखित यस पुस्तक तपाईंकै हातमा छ। यस पुस्तकभित्र अविस्मरणीय तीनजना भारतीय बौद्धविद्वान् धर्मप्रचारकहरू महापण्डित राहुल साँकृत्यायन, भदन्त आनन्द कौशल्यायन र भिक्षु जगदीश काश्यपको जीवनी सुसज्जित ( समावेश ) छन्। वहाँहरूको जीवनी त तपाईं आफैंले हेर्न लाग्नुभएको छ, तसर्थ तपाईंलाई धन्यवाद !

फलको रस हेरेर होइन चाखेर मात्र थाहा हुन्छ भने जस्तै, यस पुस्तकभित्र समावेश गरिएका बौद्धविद्वान्हरूको जीवनी तपाईं आफैंले पढी, रस प्राप्त गर्नुहुनेछ, यस पुस्तक भित्र रहेको कुनै कुरा म खोल्दिन। सिर्फ मेरो मनमा खेलेका काउकुतीका दुई–चार शब्द मात्र म यहाँ कोर्दैछु—

सर्वप्रथम तथागत अरहत् सम्यक्सम्बुद्धको श्रीपाद ( चरण ) मा आदरपूर्वक नुहन्छु। वहाँले विश्वलाई उपदेशको निधि धर्म र विनयधर विद्वत् सङ्घ स्थापना गर्नु



Downloaded from http://dhamma.digital

नभएको भए 'बुद्ध' नाममात्र रहन्थे होला। त्यस्तै आदरणीय बौद्धविद्वान्हरू पनि हुँदैन होला, जसको फलस्वरूप यसरी प्रेरणादायक बौद्धविभूतिहरूको जीवनी पढ्न पाउनु असम्भव (दुर्लभ) नै होला।

बुद्धले मानवजातिको कल्याणार्थ धर्मोपदेश दिनुको साथै भिक्षु, भिक्षुणी सङ्घ स्थापना गरिदिनुभएको फलस्वरूप आज आएर विश्वका कुनाकाप्चामा समेत बौद्धविद्वान्हरूको प्रादुर्भाव (उत्पन्न) भयो। वहाँहरूमध्ये भारतको उत्तरप्रदेश, हरियाना प्रदेश र बिहार प्रदेशमा जन्मनुभएका वहाँहरू ३ जना बौद्धविद्वान्हरू पनि प्रमुख छन्।

वहाँहरूको जीवनीमात्र अध्ययन गर्दा पनि हामीमा बौद्धजागरणको लहर उत्पन्न हुन्थ्यो। यस्ता प्रतिभासम्पन्न महापुरुषहरूको जीवनीको अध्ययनले हामीमा जुनसुकै बाधा अड्चन पनि सहने क्षमता, कार्यशीलतामा साहस एवं सच्चा मार्गको बोध हुन आउँछ। यस पुस्तकको अध्ययनपछि तपाईंलाई पनि सत्यताको बोध अवश्य हुन आउँछ।

यस्ता महान् बौद्धव्यक्तित्वहरूको जीवनी लेखी "धर्मोदय सभा, भक्तपुर शाखा" लाई प्रकाशन गर्ने मौका दिनुभएको मा रत्नसुन्दर शाक्य धन्यवादका पात्र हुनुहुन्छ, वहाँको जीवन सुखमय होस् भनी मङ्गलकामना गर्दछु।



Downloaded from http://dhamma.digital

अन्तमा, वहाँको कलमबाट अझ यस्ता राम्रा–राम्रा कृतिहरू हेर्न पाउमा आशान्वित हुँदै 'प्रकाशकीय–शब्द' यहीं अन्त गर्दछु ।

भवतु सब्ब मङ्गलं ।

इन्द्रराज शाक्य

२०४९-६-२५ अध्यक्ष

इनाचो टोल धर्मोदय सभा, भक्तपुर शाखा

भक्तपुर–६ मुनिविहार

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## लेखकका अन्य प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलङ्कित घटना

२) भिक्षु धर्मालोक महास्थविर

३) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू

४) बाबासाहेब डा. अम्बेडकर

५) अनागारिका धम्मावती

६) पियदस्सी पं. जवाहरलाल नेहरू

७) भिक्खुत्रयी



Downloaded from http://dhamma.digital



महापण्डित राहुल साँकृत्यायन
(सन् १८९३-१९६३)

Downloaded from http://dhamma.digital

# महापण्डित राहुल साँकृत्यायन

भारत एवं नेपालमा बुद्ध-धर्म सुप्रतिष्ठित पार्नमा विशेष योगदान दिनु भएका बौद्ध विद्वानहरूमा महापण्डित राहुल साँकृत्यायन पनि एक प्रमुख ब्यक्ति हुनुहुन्छ।

वहाँको जन्म ९ अप्रिल १८९३ (बैशाख कृष्ण अष्टमी आइतवार वि. सं. १९५०) का दिन उत्तरप्रदेशको आजमगढ जिल्लास्थित पन्दहा नामक गाउँमा भएको थियो। त्यस गाउँमा न त कुनै स्कूल थियो, न कुनै यातायातको प्रबन्ध, न त कुनै ठूलो बस्ती या बजारै थियो।

आफ्नो जन्मको बारेमा राहुल साँकृत्यायन बताउनुहुन्छ–

"मेरी माँ कुलवन्ती अपने माँ–बापकी एक मात्र सन्तान थी, और वह भी नाना के १०–१२ वर्षकी पल्टनकी नौकरीसे नाम कटाकर चले आनेके बाद की। ब्याह हो जानेपर भी माँ अक्सर अपने मायके (माइत) पन्दहा ही रहती थी, और वहीं मेरा जन्म हुआ।"



Downloaded from http://dhamma.digital

"केदारनाथ", भावी राहुल सांकृत्यायनको पहिलो नाम थियो। बाल्यकाल पन्दहामा नै बितेको थियो। वहाँलाई ५ वर्षको उमेर (नवम्बर १८९८) मा नाना (बाजे) रामशरण पाठकले पन्दहा गाउँबाट एक माइलमा अवस्थित "रानीकी सराय" नामक स्थानको पाठशालामा भर्ना गराउन आफ्नो भतिजा रामदीन (केदारनाथको ठूल्बाजे शिवनन्दन पाठकको कनिष्ठ पुत्र—मामा) का साथ पठाएको थियो।

बचपनमा केदारनाथ पाण्डे (ब्राह्मणकुल) को अध्ययनमा विशेष आकर्षण रामदीन मामा नै थियो। वहाँकै शब्दमा—

"मेरे प्रत्यक्ष लक्ष्य रामदीन मामा थे। मैं चाहता था, उन्हींकी तरह मैं भी हिन्दी-उर्दू पढ लूं, उन्हींकी तरह अंग्रेजीमे भी पारगंत हो जाऊँ। प्राइमरीकी अन्तिम कक्षा (त्यसबेला) चौथी कही जाती थी। उसे पास करने से पहले ही मुझे हिन्दी द्वारा अंग्रेजी पढने की एक पुस्तक हाथ लगी और रामन लिखना-पढना सीख गया। इसप्रकार जो पहला लक्ष्य मैंने अपने सामने रक्खा था, वह बारह वर्षकी उमर (सन् १९०५) तक समाप्त हो गया। आगे नये आदर्श बनाने पडे, जो मुझे आगे से आगे लेते गये।"

वहाँको भविष्य निश्चित् पार्नमा एउटा उर्दू शायरीले विशेष प्रोत्साहन दिएको थियो, जुन शायरी केदारनाथले



Downloaded from http://dhamma.digital

कक्षा ३ को एउटा पुस्तकमा पाउनुभएको थियो। शायरी यस प्रकार छ—

"सैर कर दुनियाकी गाफिल, जिन्दगानी फिर कहाँ ?
जिन्दगानी गर कुछ रही तो, नौजवानी फिर कहाँ ?"

यस शायरीका साथैं वहाँलाई बाल्यकालमै समाजप्रति विद्रोहको भावना उत्पन्न गराई घरवार त्याग गराउनमा अन्य एउटा कारण पनि उपस्थित हुन आयो, त्यो हो— वहाँको बालविबाह जुन (सन् १९०४) मा सम्पन्न गरीदिएको थियो। यसको बारेमा पनि वहाँ स्वयं भन्नुहुन्छ—

"जब मैं सारे जीवनपर विचारता हूँ, तो मालूम होता है, समाजके प्रति विद्रोहका प्रथम अंकुर पैदा करनेमे इस (ब्याह) ने पहिला काम किया। १९०८ ई. में जब मैं १५ सालका था– तभीसे मैं उसे शङ्काकी नजरसे देखने लगा था, १९०९ ई. के बादसे तो मैं गृहत्यागका बाकायदा अभ्यास करने लगा, जिसमे भी इस "तमाशे" का थोडा–बहुत हाथ जरूर था। १९१०–११ ई. से निश्चित तौर से मैं इसे अपना ब्याह नहीं कहता था। ग्यारह वर्षकी अबोध–अवस्था में मेरी जिन्दगीको बेचनेका घरवालोंका अधिकार नहीं, यह उत्तर उस वक्त भी मैं अपने बुजुर्गोंको दिया करता, जो कि ब्याहके प्रति अपना कर्तव्य मुझे समझाते। मेरा उस वक्तका ज्ञान



Downloaded from http://dhamma.digital

बहुत परिचित था, तो भी मैं इसे घर और समाजवालोंका अन्याय समझता था, और उसे बर्दाश्त करनेके लिए तैयार न था। १९०९ ई. के बाद घर शायद ही कभी जाता था, १९१३ के बाद को तो वह भी खतमसा हो गया, और १९१७ को प्रतिज्ञाके बाद तो आजमगढ जिलेकी भूमि पर पैर तक नहीं रखा (सन् १९४३ से पहिले)।"

शायरी र बालबिवाह कारण त बन्यो तर घरबाट छुटकारा पाउने बहाना त चाहियो। त्यसको अवसर कसरी आयो, त्यो पनि वहाँकै शब्दमा—

"नानी (बज्यै) के मरने पर अब पन्दहामें नाना अकेले रह गयेथे। आमोंका पकनेका मौसम था, मईका मध्य या अन्त, जब मैं अपनी बहिन रामप्यारीके साथ पन्दहा पहुँचा। हमीं दोनों बहिन-भाई खाना बनाते और घरका इन्तजाम करते, नानाके पैसा-कौड़ीका भी मैं ही खजानची था। एक दिन मक्खनको पिघलाकर घी बनाया, पिघले हुये घीको किलसीमें रखके एक उलटी नांद के नीचे [illegible] था। कौवे बड़े [illegible], पंजेसे [illegible] मुझे मालूम नहीं हुआ की मटकी कहाँ है, [illegible] मटकीके [illegible]। मैं तो नींद [illegible] [illegible] था, किन्तु [illegible] दिन देखा, तो [illegible] घी—[illegible] को [illegible] जमीनमें फैला हुआ है। नाना [illegible] होंगे हम [illegible] [illegible] [illegible] और फिर [illegible] [illegible]



Downloaded from http://dhamma.digital

आये बाईस रूपयोंको लेकर मैं रानीकीसराय स्टशनकी ओर चल पडा।

रानीकीसराय स्टेशनसे आजमगढ पहुँचा। आजमगढसे बनारस। बनारस में एकाध दिन ठहरा, वहाँसे मुगलसराय और फिर विन्ध्याचल जरूर गया। विन्ध्याचलमें शायद पुराने परिचित पंडाके यहाँ गया था। मन जल्दी किसी निर्णयपर नहीं पहुँच रहा था। हिचकिचाहट जरूर थी, किन्तु घर लौटना असम्भव था, वहाँ दो सेर घी बरबाद करनेकाही कसूर न था, बल्कि बाईस रूपले लेकर रफूचक्कर होने, और उन्हे खर्च कर डालनेका भी सङ्गीन जुर्म सरपर था। अन्तमे हार-पछताकर मनको निर्णय करना ही पडा— चलो कलकत्ता।"

कलकत्ता त वहाँ पुग्नु भयो तर वहाँको स्थिति कस्तो भयो, पुनः वहाँ कै शब्दमा—

"शाम से रातभर चलकर सबेरे "हवडा" पहूँची। कलकत्ते मे कहाँ जायेंगे, शायद रास्तेमे यह खयाल तंग नहीं कर रहा था, क्योंकि समझा था वह भी बनारस जैसा ही शहर होगा। लेकिन, जब हवडाके विशाल स्टेशनपर उतरा, तो वहाँकी अपार भीडको देखकर मुझे वह एक शहर या बडा मेला जान पडने लगा। उस मेलेमे मेरी अकल गुम हो गयी। कहाँ चलना है, इसपर पहिले विचार नहीं किया था, यहाँ



Downloaded from http://dhamma.digital

आने पर तरह-तरहकी बोलियाँ, विचित्र वेशभूषा दिखलाई पड रही थी। सडकपर जाकर देखे, गङ्गाके पक्के घाट, पुलपर चलती अपार जनराशि, फिर नदीके आर-पार शहरकी अट्टालिकाएँ दिखलाई पडी, उन्हे देखकर मनपर एक आतङ्क या गया। लाचार लौटकर मुसाफिर खानेके एक खम्भेके पास सरकर बैठ गया।"

हवडा-स्टेशनको त्यस मुसाफिर खानामा रही पछुताइ-रहेको घण्टौंपछि त्यस्तै मार्काका अन्य एक भुक्तभोगीले केदारनाथसित वार्तालाप गर्न आए। महादेवप्रसाद नामका त्यस सहयोगी पनि ६ कक्षाका उर्दूका विद्यार्थी थिए, उनी घरबाट भागेर कलकत्ता पुगेको केही दिन भइसकेको थियो। केही दिनमै अन्य दुइ-तीन जना पनि वहाँहरूको गुटमा सामेल भए— ४/५ जनाको एक मण्डली (समूह) तयार भयो, जसको यादगार राहुल सांकृत्यायन बताउनुहुन्छ—

"हमने अपना एक कम्यून (साम्यवादी समाज) कायम कर लिया था। मैं, और मेराका खयाल भूल गये थे। जिसके पास जो पैसा था, वह सार्वजनिक (सबके लिए) खर्च के लिए हाजिर था। हमने तै किया गया कि जिसको भी नौकरी मिले, कमाई सबके खर्चमे लाई जायेगी। सबेरे हम मूरी-भूंजापर गुजारा कर लेते। दिन में एकबार शामको दिन रहते ही रोटी बनाकर खा लिया करते थे। दिनमे दो-दोकी जोडी बनाकर नौकरीकी तलाशमे घूमा करते।"



Downloaded from http://dhamma.digital

त्यसबेला कुल्लीको समेत काम गरी केदारनाथले ४ महिना कलकत्तामा बिताउनुभएको थियो, अन्तमा वहाँलाई बिन्दाप्रसाद पाठक नामका एक शिक्षित व्यक्तिले आफ्नो घर ( डेरा ) मा साथ लगेको थियो, त्यहाँको काम एवं बिन्दाप्रसाद पाठकको गुण बारे राहुल साँकृत्यायन आफ्नो जीवन-यात्रामा उल्लेख गर्नुहुन्छ—

"मेरा काम था, कोठरीको साफ रखना, नीचे नलके से पानी भर लाना— जो कि सारे दिनके लिये एक घडा काफी था, और जब पाठकजी घरपर हो तो दो-चार या दस चिलम (हुक्का) भरकर देना। धीरे-धीरे पाठकजीको मेरे कुल, शील, पढने लिखने आदिके बारेमे और भी बातें मालूम हुई। पाठकजीका बर्ताव मेरे साथ नौकरका सा नहीं लडके (पुत्र) जैसा होने लगा। उह्नोने पढनेका शौक देखकर मुझे अंग्रेजी पढानी शुरू की।

पाठकजी दिनमे दोपहरको थोडा समय छोडकर बाहर ही घूमते रहते थे, उधर अंग्रेजी पढनेकी मेरी रूची कुछ बढ चली थी, इसलिये एक दिन वह मुझे ले जाकर "विशुद्धानन्द सरस्वती विद्यालय" मे दाखिल करा आये।"

यसरी कलकत्तामा रही स्कूलमा अध्ययन पनि गर्दै रहेको बेला घरमा पनि पत्र-व्यवहार गर्दै जानुभएको थियो। केही समयपश्चात् नाना रामशरण पाठक (बाजे) स्वयंले



Downloaded from http://dhamma.digital

वज्रकासीय बाटो खर्च पनि दिइपठायो । अतः वहाँलाई बिन्दाप्रसाद पाठकले हयडासम्म आई बिदाई दिन आएको थियो ।

अफशोच ! केदारनाथ आफ्नो गाउँ फर्केको वर्ष दिनेपछि सन् १९०९ मा आफ्नी बहिनी रामप्यारीबाट विमुख (मृत्यु) हुनु पर्‍यो। रामप्यारीको निधनबाट केदारनाथको मनमा अत्यधिक चोट पर्न गयो, वहाँ बताउनुहुन्छ—

"माँकी मृत्यु (सन् १९०५ मा) नानीके उपस्थितिके कारण सह्य हुइ थी, औ नानीके वृद्धापनने उनकी मृत्यु (सन् १९०७ मा– प्लेग रोगबाट) को अवश्यंभाविनी कहकर सह्य बना दिया होगा, लेकिन बहिनके बारेमे वैसे कोइ कारण न थे, इसलिए उसकी मृत्युको मैने ज्यादा अनुभव किया। उसका चेहरा-मुहरा माँसे कुछ मिलता था, हाँ उसके बाल काले नहीं कुछ भूरेसे थे। वह किसीसे झगडा करना नहीं जानती थी, और सङ्कोचशीला थी। एक बार नानीके मरनेके बाद हम दोनो पन्दहा में थे। किसी बातमे मैने उसे डाँट दिया– आखिर बडा भाई ही क्या जो छोटेपर कुछ हुकूमत न जलाये। रामप्यारी चुपके उठी और कनैला चली गई। मुझे उसका बडा अफशोच हुआ, और नाना तो पता लगाने १० मील दौडे-दौडे कनैला गये।"

बहिनी रामप्यारीको निधन भएको केही हप्तापछि केदारनाथ निजामाबादको मिडिल स्कूलमा भर्ना हुन जानु-



Downloaded from http://dhamma.digital

भएको थियो । त्यस स्कूलमा वर्षदिन जति मात्र अध्ययन गरी पुनः केही रकम जम्मा हुनासाथ कलकत्ता पुग्नुभएको थियो । पहिलेको जस्तो यसपटक केदारनाथलाई काम ढूंढनमा कठिनाई परेन किनकि वहाँको परीचित बिन्दाप्रसाद पाठक त थियो नै । वहाँकै तर्फबाट केदारनाथले यसपटकको कलकत्ता निवासकाल (८ महिना) मा कयौं कामहरू गर्नुभएको थियो, जसमा ठेकेदारको आँप वितरण गराउने कार्यमा संलग्न हुने देखि लिएर, कलेजस्क्वायरमा रहेको फलामका रेलिङ्गहरूमा अनेक वस्त्रहरू झुण्ड्याई बेचबिखनगर्नु र हवडा स्टेशनमा आउने मालसामानहरूमा निशान लगाउने समेत आदि कार्य गर्नुभएको थियो । अन्तमा बनारसका सुप्रसिद्ध "सुंघनी-साहू" को कलकत्तामा रहेको दूकान (पसल) मा काम मिल्यो, काम थियो— साहूहरूको हिसाब-किताब राख्नु एवं पत्र-व्यवहार गर्नु। यो नै भारतको बहुमुखी प्रतिभाशाली लेखकको पहिलो लेखनकमाई थियो ।

पछि आएर कलकत्तामा खान-पिनको गड-बड हुनगएको कारण केदारनाथ बिरामी भयो र कयौं दिन अस्पतालमा रहनुपऱ्यो। शरीरमा केही बल-शक्ति हुनासाथ वहाँलाई घर याद आयो र सन् १६०६ को अक्टोबर या नवम्बर महिनामा कनैला फर्कनुभयो।

घरमा पुगेको केही महिनापछि सम्म पनि कलकत्तामा फर्कन सुँघनी साहूको तर्फबाट कयौं पत्र प्राप्तभएको थियो तर



Downloaded from http://dhamma.digital

केदारनाथ अब अन्य बाटोमा लागिसकेको थियो, त्यो बाटो हो— वैराग्य ।

वास्तवमा केदारनाथले सन् १६०६ मै कर्नेलाको आसपासमा रहेको उमरपुरका परमहंस बाबाको कुटीमा शरण लिन पुगिसकेको थियो । १६ औं शताब्दिको पहिलो दशकमा नेपालको गण्डकी अञ्चलस्थित पोखरा नगरमा जन्मनु भएका वहाँ परमहंस बाबा नेपाली थिए । संस्कृत साहित्य अध्ययन गर्न पोखराबाट कयौं गाउँ, शहर हुँदै पैदल बाराणसी पुग्नुभएका बाबाजी संस्कृतसाहित्य अध्ययनपश्चात् योगाभ्यासतिर लाग्नुभएको थियो । त्यसताका (सन् १६०६) वहाँको सेवामा दुइजना व्यक्ति निकै तत्परताका साथ रहँदै थिए । तिनमा एक थिए— हरिकरणदास र दोस्रो बालदत्तसिंह । यी दुइमा हरिकरणदास अलि पढे–लेखेका थिए । अतः केदारनाथको सत्सङ्ग हरिकरणदाससित विशेषरूपमा हुनगएको थियो । हरिकरणदाससित रहेको 'विचार–सागर' आदि वेदान्तका केही ग्रन्थहरू केदारनाथले पनि पढनुभएको थियो, जसबाट प्रभावित भई केदारनाथले पनि साधु भई जीवन यापन गर्ने विचार उत्पन्न गऱ्यो ।

केदारनाथको साधुजीवन सन् १६१२ को सितम्बर महिनादेखि शुरूभएको थियो । वहाँलाई साधु वेश दिने गुरु थिए— परसाका मठाधीश महन्त लछुमनदास । महन्त



Downloaded from http://dhamma.digital

लछुमनदासको रामोदरदास नामक एक प्रिय शिष्यको केही महिनाअगाडि मात्र निधन भएको थियो। त्यसको पूर्ति आफू शिष्य बनेर केदारनाथले गरिदियो। अतः केदारनाथलाई महन्त लछुमनदासले "रामोदर साधु" नै नामाकरण गरिदियो।

रामोदर साधुले परसामठमा शुरूका ३ महिना मठको ब्यवस्था सुधार्नमा लाग्नुभएको थियो। एक दिन रामोदर-दासका पिता परसामठमा आइपुगे र महन्तलाई राजी गरी केही दिनको लागि भनी पुत्र केदारनाथ वा रामोदरदासलाई साथमा लगे।

रामोदर साधु पनि कनैलामा केही महिना निर्धक्कसाथ रहनुभएपछि पुनः अवसर प्राप्त गरी परसा फर्कनुभयो। परसाबाट सन् १९१३ को जुलाई महिनामा संस्कृतका केही किताबहरू, दुइवटा धोती, दुइवटा लंगोटी र ओछ्यानको निमित्त एउटा मामूली कपडा साथ लिई 'दिव्य-देश' कहलाएको दक्षिण-भारतका केही हिन्दू-तीर्थस्थलहरूको परिभ्रमणको निमित्त प्रस्थानगर्नुभयो। परसाबाट हाजीपुर पुग्नासाथ आठ-आनाको एउटा लोटा पनि किन्नुभयो— सारा पूँजी जम्मा ३ रूपैंयाँको थियो।

वहाँको यस पटकको यात्रामा एक वकिल साहेबले विशेष मदत गरेका थिए जसलाई रेलमा भेटेको थियो।



Downloaded from http://dhamma.digital

मद्रासलम्म वकिल साहेबले साथ दिएको थियो। साधु रामोदर मद्रासबाट तिरुमिशी पुग्नुभयो र त्यहाँको मठमा केही महिना रही त्यहाँबाट उत्तरतर्फ फर्कनुभयो।

यसपटकको यात्रामा वहाँले निकै स्थानहरूको अवलोकन गर्नुभएको थियो, जस्तो—तिरुपती, कांचीपुर, विष्णुकाँची, रामेश्वर, धनुषकोटी, बैङ्गलोर, पंढरपुर, पूना, बम्बई, नासिक, कपिलधारा, ओङ्कारनाथ, मान्धाता, उज्जैन र अहमदाबाद आदि। वहाँ सन् १९१४ को जनवरी महिनामा परसामठमा पुग्नुभएको थियो।

परसा पुगेको केही दिनमै पुनः वहाँ अन्य एक मित्र वरदराजका साथ अयोध्या आनुभयो, जुन वैष्णवी साधुहरूको प्रमुख गढ थियो। साधु रामोदरका गुरु लछुमनदास पनि वैष्णव थिए, अतः वहाँ पनि वैष्णव नै हुनुभयो। वैष्णवीहरू पशुबलिको घोर विरोधी थिए त्यसैताकाको घटना हो— अयोध्या र फैजाबादका बीचमा देवकाली नामक एक मन्दिर थियो, जहाँ हिन्दू–पुरोहित (ब्राह्मण) हरूले एकदिन बलि दिन खोजे। त्यसको विरोध एकजना ब्रह्मचारी (वैष्णव) ले गर्दै थिए, त्यसैमा रामोदर साधु एवं अन्य वैष्णवहरू मिली बलिको विरोधमा मञ्च बनाई व्याख्यान शुरू गरे, जसबाट ब्राह्मणपुरोहितहरू र वैष्णवसाधुहरू बीच झगडा शुरू भयो। झगडा सिर्फ मुखामुखमा मात्र सिमित रहेन हातोहातसम्म



Downloaded from http://dhamma.digital

पनि हुनगएको थियो। प्राय: वैष्णवहरूलाई ब्राह्मण पुरोहित-हरूले घायल बनाए, साधु रामोदर बल्ल-बल्ल बचे। झगडा पुलिस-थाना पुगेपछि मात्र शान्त भयो।

अयोध्यामा ३ महिनाको निवासकाल (जुलाई-सितम्बर १९१४) मा साधु रामोदरले 'वेद' 'वेदान्तको मात्र अध्ययन गर्नुभएको थिएन, त्यसमा निपूण भई व्याख्यान कार्य पनि गर्दै आउनुभएको थियो। यसैवेला वहाँले स्वामी दयानन्द (सन् १८२४-८३) को "सत्यार्थ-प्रकाश" नामक ग्रन्थ अध्ययन गर्न पाइएको थियो, जसबाट प्रभावित भई वहाँ वैष्णवी साधुबाट आर्यसमाजी साधु बन्नपुगे।

केदारनाथ वा रामोदर साधुको पढाइ मिडिल सम्मको मात्र थियो। उनी संस्कृतमा पूरा दक्ष हुनुहुन्थ्यो। वहाँमा अंग्रेजी पनि केही न केही अवगत थियो। अतः वहाँले आर्यसमाजको प्रचारार्थ स्थापना भएको "मुसाफिर विद्यालय, आग्रा" मा आफ्नो नाम दर्ता गर्नुभयो। यस विद्यालयमा वहाँले सवावर्ष अध्ययन गर्नुभयो। यसैवेला (सन् १९१५) वहाँले सर्वप्रथम केदारनाथ 'विद्यार्थी' को नामले हिन्दीबाट लेख लेख्ने कार्य प्रारम्भ गर्नुभएको थियो, जुन मेरठबाट प्रकाशित हुने मासिक पत्र "भास्कर" मा छापिएको थियो। पछि क्रमशः आग्राबाट प्रकाशित हुने "मुसाफिर आगरा" मा पनि छापिदै गयो।



Downloaded from http://dhamma.digital

"मुसाफिर विद्यालय" मा अध्ययन समाप्त गरिसकेपछि त्यहाँका अधिकारीहरूले वहाँलाई "आर्यसमाज" को प्रचार गर्न सल्लाह दिए तर रामोदर त्यतिको पढाइबाट सन्तुष्ट हुनुभएन। अतः वहाँलाई पुनः अध्ययन जारी गर्न आग्राबाट लाहौर (हाल पाकिस्तान) पठाए र वहाँ त्यहाँको "डि. ए. बी. कालेज" को संस्कृत विभागमा भर्ना हुनुभयो र "विशारद" पढ्नमा नाम लेखाउनुभयो। सन् १९१५ को अन्तसम्ममा वहाँ 'शास्त्राचार्य' एवं "संस्काराचार्य" पनि हुनुभएको थियो।

साधु रामोदरले आर्यसमाजको अध्ययन गर्दै रहनु भएको बेला अध्यापकहरूको तर्फबाट बरोबर इशाई र बुद्ध-धर्म प्रचारकहरूको बारेमा मापदण्डको रूपमा प्रस्तुत गरिने कुरा सुनिराख्नुभएको थियो। अतः वहाँ आर्यसमाजको अध्ययन-पश्चात त्यसको प्रचार-प्रसारार्थ व्याख्यान दिंदै लखनऊ पुग्नुभएको बेला (सन् १९१६, कार्तिक महिना) वहाँले एक मित्रको तर्फबाट लाटूस रोड (हाल गौतम बुद्धमार्ग) मा एक बुद्ध-विहार एवं एक भिक्षु रहेको कुरा थाहापाउनासाथ तत्काले (सन्ध्या-समय) त्यस विहारमा पुग्नुभएको थियो। वहाँले विहाराधिपति भिक्षु बोधानन्द महास्थविर (सन् १८७४-१९५२) लाई भेट्नुभयो र आफ्ना अनेक जिज्ञासालाई हल गर्नुभएको थियो। शुरूमा भिक्षु बोधानन्दको बर्ताव (व्यवहार) बारे राहुल सांकृत्यायन भन्नुहुन्छ—



Downloaded from http://dhamma.digital



भिक्षु बोधानन्द महास्थविर
(सन् १८७४–१९५२)

Downloaded from http://dhamma.digital

"मैंने बौद्ध धर्मके बारेमे कितनी ही बातें पूछी, और एक से अधिक दिनतक उनके पास गया। उह्नोने सभी बातोंका उत्तर दिया और पहेले ही बिद्कानेवाती बात नहीं कहीं। उस समय वेद, ईश्वर, आर्यसमाज और स्वामी दयानन्दका मैं अनन्य भक्त था। यदि तुरन्त सीधी चोट होती तो बिदकनेकी बिलकुल सम्भावना थी। हाँ, उह्नोने बुद्धके व्यक्तित्वको ऐसे मनोहर रूपसे चित्रित किया कि मैं लुभागया।"

महापण्डित राहुल साँकृत्यायन पुनः बताउनु हुन्छ—

"बौद्ध धर्म और दर्शनके बारे मे मैंने दूसरों से बहुत पढा, अपने परिश्रम से भी बहुत कुछ सीखा, पर उसको प्रथम मन्त्र देनेवाला बोधानन्द महास्थविर ही थे।"

त्यसपश्चात् रामोदर साधुले राजनैतिक जीवनको अतिरिक्त वैष्णव, आर्यसमाजी विचारधारा आवश्यक नभएको बौद्ध विचारधाराबाट प्रभावित हुँदै जानुभएको थियो। अतः वहाँले आफ्नो जिज्ञासा अनुरूप सर्वप्रथम तथागतको संवेजनीय स्थल (बौद्ध–चारधाम) हरूको अवलोकन गर्न शुभारम्भ गर्नुभयो। त्यसको लागि सन् १९२० मा वहाँले सर्वप्रथम सारनाथबाट यात्रा शुभारम्भ गर्नुभयो। बौद्ध चारधामको अतिरिक्त वहाँले अन्य ऐतिहासिक बौद्ध स्थलहरू नालन्दा, राजगृह, जेतवन (सहेट–महेट) आदि



Downloaded from http://dhamma.digital

ठाउँमा पनि पुग्नुभएको थियो। कुशीनगरका बुद्धको परिनिर्वाण मूर्तिलाई वन्दना गर्नबाट आर्यसमाजी विचारधाराले रोक्न सकेनन्। वहाँले कुशीनगरको पहिलो यात्राको बारेमा स्वयं भन्नुभएको छ –

"उस भूमिके भीतर प्रवेश होते वक्त मेरा हृदय उस महान् भारतीयकी ओर खिंचा हुआ था, जिसने अपनी भूमिका नाम संसार भरमे फैला दिया और सारे संसारके एक–तिहाई लोगों के लिए भारतको पुण्य–भूमि बना दिया।"

सन् १९२६ (वि.सं. १९८३) मा रामोदार साधु काश्मीर र लद्दाखको यात्रापश्चात् एक संस्कृत अध्यापकको हैसियतमा १६ मई १९२७ का दिन श्रीलङ्काको केलनियास्थित विद्यालङ्कार परिवेणमा पुग्नुभएको थियो। यस समयावधि (सन् १९२०–२७) भित्र रामोदार साधुले सन् १९२३ को [illegible] लेखनको [illegible] गर्नुभएकोले [illegible] दुइ पटक जेलयात्रा पनि गर्नुभएको थियो। भारतका स्वाधीनता प्राप्त गर्नको निमित्त शुरू भएको 'असहयोग–आन्दोलन' मा वहाँले सक्रियतापूर्वक भाग लिनुभएको थियो। [illegible] फलस्वरूप [illegible] बक्सर जेलमा ६ महिना (१५ फरवरी–९ अगस्त १९२२) र जेलबाट मुक्तिपश्चात् २ वर्ष (सन् १९२३–२५) हजारीबाग जेलमा रहनुभएको थियो।



Downloaded from http://dhamma.digital

वास्तवमा दोस्रो पटक (सन् १९२३–२५) को जेल यात्रा वहाँले गर्न नपर्ने थियो किनकि वहाँलाई पटनाको वारण्ट रहेको कुरा खोली मित्रहरूले नेपालमा पत्र पठाएका थिए, त्यो पत्र वहाँले पाउनु भएन। फेरि नेपालबाट पनि तिब्बत प्रस्थान गर्ने उच्च अभिलाषा भएकालाई समेत वहाँले छोडी पटना पुगेको मात्र थियो पटना, बक्सरपश्चात् हजारी-बाग जेलमा पुऱ्याइएको थियो।

यस समयावधि (सन् १९२०–१९२५) भित्रको बारेमा पुनः केही कुरा स्पष्ट गरौं, सन् १९२१ मा शुरू भएको असहयोग आन्दोलनमा रामोदर साधुले खुलेयाम भाग लिनु भएको थियो, त्यसैको फलस्वरूप सन् १९२२ को फरवरी देखि अगस्तसम्म (६ महिना) बक्सर जेलमा रहनुपरेको थियो। बक्सर जेलबाट रिहाई हुनासाथ वहाँलाई छपरा (विहार–प्रदेश) को कांग्रेस कमिटिले "जिल्ला कांग्रेसको मन्त्री" नियुक्त गरेको थियो।

सन् १९२२ मा नै "अखिल भारतीय कांग्रेस" को बार्षिक अधिवेशन गयामा सम्पन्नभएको थियो। त्यस सम्मेलनमा रामोदर साधुले आफ्नो तर्फबाट एउटा प्रस्ताव पठाउनुभएको थियो, त्यो हो—

"बुद्धगयाको सुप्रसिद्ध बौद्ध मन्दिर बौद्धहरूको हो, अतः त्यसको स्वामित्व पूर्णरूपमा बौद्धहरूको हातमा



Downloaded from http://dhamma.digital

सुम्पिनुपर्छ" तर कांग्रेसी नेताहरूले वहाँको त्यस प्रस्तावलाई केही वास्ता गरेनन् । अतः वहाँले आफ्नो उचित मागलाई बेवास्ता गरेको कारण मंत्रीपदबाट राजिनामा दिनुभएको थियो ।

त्यसको केही महिनापछि सन् १९२३ को मार्च–अप्रिल (डेढ महिना) मा नेपाल भ्रमण गर्न आउनुभएको थियो । विहार–प्रदेशमा कांग्रेसको आँधी–तूफानको समय वहाँले एक ठाउँमा भाषण गरेको बेला निर्भिकतापूर्वक भन्नुभएको थियो—

"राजनीति मे खून (रगत) का वही स्थान है, जो पूजा पाठ में चन्दनका ।"

यसैको फलस्वरूप नेपालयात्रापश्चात् दुइ वर्षको निमित्त (अप्रिल १९२३–अप्रिल १९२५) हजारीबाग जेलमा रहनुपरेको थियो ।

सन् १९२५ मा जेलबाट छुट्टिनासाथ राजनीतिमा पनि केही शिथिलता आएको महशुस गरी केही अध्ययन–मननपश्चात् हिमालय (काश्मीर र लद्दाख) को यात्रा गर्न जानुभएको थियो ।

३४ वर्षको उमेरमा श्रीलङ्का पुग्नुभएका साधु रामोदरलाई स्थानीय अध्यापक एवं विद्यार्थीहरूले 'दम्बदिव पण्डितुमा" अर्थात् "भारतका पण्डितजी" नामबाट पुकार्दथे ।



Downloaded from http://dhamma.digital

बिद्यालङ्कार परिवेणका बिद्यार्थीहरूदेखि लिएर परिवेणका प्रिन्सिपल लुणुपोकुणे धम्मानन्द महास्थविर (सन् १८६९–१९४५) ले समेत वहाँको विशेष वास्ता गर्दै रहन्थे। दिनको ५–६ घण्टा विद्यार्थीहरूलाई संस्कृत पढाउने, ८–९ घण्टा आफूले पाली–साहित्य अध्ययन गर्ने एवं लेखनकार्य गर्ने दैनिक नियम रामोदर साधुको त्यसैबेलाको थियो, जुन दिनचर्या स्पष्ट रूपमा यसप्रकार छन्—

१) बिहान ६. बजे उठ्ने।

२) बिहान ६–६.३० सम्म स्नानादि गर्ने।

३) बिहान ६.३०–१२ बजेसम्म जलपानपश्चात् अध्ययन एवं भोजन।

४) दिउँसो १२–६. बजेसम्म, बिद्यार्थी (भिक्षु) हरूलाई संस्कृत पढाउने।

५) बेलुका ६–७ बजे साँझको घुमफिर (Evening Walk) गर्ने।

६) बेलुका ७–१२ बजेसम्म पढाइ एवं लेखनकार्य गर्ने।

साधु रामोदरको यस पहिलो श्रीलङ्का निवासकाल १९ महिना (१६ मई १९२७–१ डिसम्बर १९२८) को थियो। यस पहिलो निवासकालमा वहाँले आफूले मात्र अध्ययन–मनन गर्नुभएको थिएन नायकपाद लु. धम्मानन्द,



Downloaded from http://dhamma.digital

आचार्य प्रज्ञासार, आचार्य देवानन्द, आचार्य पञ्ञालोक आदि प्रत्येक गुरुवरहरूसित डेढ–डेढ–दुइ–घण्टा धर्मशाकच्छा पत्ति गर्नुहुन्थ्यो। पाली–साहित्यको महत्त्वको बारेमा राहुल साँकृत्यायन (रामोदर साधु) भन्नुहुन्छ—

"पाली त्रिपिटकमें बुद्धकालीन भारतके समाज, राजनीति, भूगोलका बहुत काफी मसाला है। उन्होंनें मेरी ऐतिहासिक भूखको बहुत तेज कर दिया था। छे–सात मास बीतते–बीतते भारतीय संस्कृतिकी गवेषणाओंके सम्बन्धमे मेरा ज्ञान गुण और परिमाण दोनोंमे इतना हो गया था कि जब मारबुर्ग (जर्मनी) के प्रोफेसर 'रुडाल्फ ओटो' विद्यालङ्कार विहारमे आये तो मुझसे बातचीत करके उनको ताजूब हुआ, कि मैं कभी किसी विश्वविद्यालयका विद्यार्थी नहीं रहा।"

स्मरणीय छ, रामोदर साधुको यस पहिलो श्रीलङ्का निवासकाल भित्र सन् १९२७ को डिसम्बर महिनामा मद्रासमा भएको कांग्रेस सम्मेलनमा पुगिसक्नुभएका साधु विश्वनाथदास (पछि भदन्त आनन्द कौशल्यायन) लाई रामोदर साधुले सीधा श्रीलङ्का आउन पत्र पठाएको थियो; जसअनुसार साधु विश्वनाथदास सन् १९२८ को जनवरीको पहिलो हप्तामै श्रीलङ्का पुग्नुभएको थियो। त्यसबेलाको यात्रावर्णन राहुल साँकृत्यायन बताउनुहुन्छ—



Downloaded from http://dhamma.digital

"७ जनवरीको ब्रह्मचारी विश्वनाथ भी विद्यालङ्कार परिवेण पहूँच गये। एकमा ( उत्तर प्रदेश ? भारत ) से कपडे रङ्गकर (साधु भई) घूमने के लिए निकले, तो अभितक वह घुम ही रहे थे। मेरा उनके साथ बराबर पत्रव्यवहार रहा। मैंने उनके पास ऐतिहासिक स्थानोंकी यात्राका प्रोग्राम बनाकर भेज दिया था। त्रिपिटकको पढते तथा पुरानी अन्वेषण पत्रिकाओं और पुरातत्वकी रिपोर्टों के पारायणसे स्थानोंको महत्त्वको मैं और भी समझने लगा था, इसलिए विश्वनाथको लङ्का पहूँचने से पहिले उन स्थानोंको देखलेना मैं जरूरी समझता था। उनकी इस यात्रामे बोधगया, नालन्दा, राजगिर आदि ही नहीं बल्कि बैशाली, कुशीनारा, लुम्बिनी, जेतवन, सङ्काश्य, मथुरा, ग्वालियर, साँची, अजन्ता, एलौरा, पूना. बैङ्गलोर आदि भी शामिल थे, और बर्षोंकी मेरे तजर्बे (अनुभव) से उन्हे काफी फायदा और यात्राका आनन्द भी रहा। लङ्का आनेमे मण्डपममें कोई दिक्कत न हो, इसकेलिए मैंने उनके लिए एक म्युनिस्पल पर्मित भिजवा दिया था, और बडी उत्सुकताके साथ मैं उनके आनेकी प्रतीक्षा कर रहा था।

मेरे वहाँ ( श्रीलङ्का-विद्यालङ्कार परिवेण ) रहने से ब्रह्मचारी विश्वनाथको वह स्थान एक दिनके लिए भी अजनवी न मालूम हुआ। पठन-पाठनके बारेमे मैंने काफी



Downloaded from http://dhamma.digital

खोज रखा था, और उनसे वार्तालाप करके उसे पक्का कर दिया। पाली और संस्कृत पढ़ना जरूरी था, जिसके लिये मैं भी समय (पढ़ाने) देने लगा। शामको घण्टे-डेढ़-घण्टेके लिए हम साथ टहलने जाता करते थे, और उस वक्त हम अपनी मानसिक समस्याओं (ग्रन्थ प्रमाण, ईश्वर, आत्मा आदि) पर निशङ्कोच हो वाद-विवाद करते थे।"

यसप्रकार २० औं शताब्दिका सुप्रसिद्ध २ जना भारतीय बौद्ध विद्वानहरूको शुरूको अध्ययनकाल भण्डै एक वर्ष साथ-साथ बिताउनु भएकोथियो। त्यसपश्चात् साधु रामोदरले सारा पाली साहित्य (त्रिपिटक) अध्ययन मनन गरिसकेपछि श्रीलङ्का (पहिलो प्रवास) छोड्नु केही महिनाअगाडि विद्यालङ्कार परिवेणबाट ३ सेप्टेम्बर १९२८ का दिन "त्रिपिटकाचार्य" उपाधि प्राप्त गर्नुभएको थियो।

साधु रामोदरले सारा त्रिपिटक (पाली साहित्य) को अध्ययन समाप्त गरिकन पनि बुद्ध-धर्म सम्बन्धी ज्ञान अधुरो नै सम्झनुभएको थियो। वहाँ तिब्बतमा गई त्यहाँ रहेका भारतीय वाङमय, जो मूल (संस्कृत) रूपमा नभए पनि तिब्बती अनुवादमा भए पनि रहेकालाई भारत ल्याई अध्ययन-मनन गर्न चाहनुभएको थियो। अतः वहाँले तिब्बत जाने लक्ष्य लिई १ डिसम्बर १९२८ का दिन श्रीलङ्का छोड्नु भयो।



Downloaded from http://dhamma.digital

वहाँले दार्जिलिङ्ग र कालिम्पोङ्ग हुँदै तिब्बततिर प्रस्थान गर्नुको सट्टा नेपालको बाटो हुँदै तिब्बतमा जानु श्रेयष्कर ठान्नुभयो। अतः वहाँ नेपालभित्र "शिवरात्री" को दिनको प्रतीक्षामा रहनुहुन्यो जुन मार्च महिनाको शुरूमा पर्दथ्यो। त्यसैले वहाँलाई पूरा ३ महिनाको फुर्सदमिलेको थियो। त्यस अवधिभित्र वहाँले भारतका विभिन्न बौद्धऐतिहासिक स्थलहरूको अवलोकनमा बिताउने निश्चय गरे जसअनुसार तलइमनार, रामेश्वरम्, श्रीरङ्गम आदि ठाउँमा केही दिन रही पूना जानुभएको थियो। पूनाबाट कार्ले, नासिक, अजन्ता, एलौरा, साँची, कन्नौज, सङ्काश्य र कौसाम्बी आदि ठाउँको दृश्यावलोकनपछि सारनाथ हुँदै ३ मार्च १९२९ का दिन विहान सूर्योदयको समय रक्सौल पुग्नुभएको थियो। ६ मार्च १९२९ का दिन दोस्रोपटक काठमाडौं पुग्नुभएका साधु रामोदर बौद्ध र किन्दोलमा गरी पूरा एक महिना अज्ञातवास रही ८ अप्रिल १९२९ का दिन तिब्बतको बाटो हेलम्बुसम्म पुग्न किन्दोल विहारका प्रबन्धक दशरत्न साहू (पछि भिक्षु धम्मालोक) का साथ जानुभयो। वहाँ तिब्बतमा पुगी त्यहाँ सवावर्ष रही २० जून १९३० का दिन श्रीलङ्काको विद्यालङ्कार परिवेणमा फर्कनुभयो। वहाँले तिब्बतबाट ल्याइएको सारा चित्रपट एवं कंजूर-तंजूर ग्रन्थहरू जुन १७-१८ जना खच्चरहरूलाई बोकाइल्याइएको थियो। कलकत्ताबाट कोलम्बोमा पार्शल गरिपठाइएको थियो। ती



Downloaded from http://dhamma.digital

तिब्बती चीज एवं ग्रन्थहरू कोलम्बोमा प्रदर्शनको रूपमा पनि राखिएको थियो। ती ग्रन्थहरूको सुरक्षाका लागि रामोदर साधुले आफू रहेको ठूलो कोठालाई पनि खाली गरिदिनुभएको थियो।

रामोदर साधु श्रीलङ्का पुग्नुभएको २ दिनपछि नै लु. धम्मानन्द महास्थविरको आचार्यत्वमा श्रामणेर भई रामोदर साधुको संक्षिप्त नाम रा. सा. लाई यथावत् राखी "राहुल सांकृत्यायन" हुनुभएको थियो। श्रामणेर हुनुभएको एक महिनापछि २० जुलाई १९३० का दिन श्रीलङ्काका एक प्रमुख निकाय–श्यामनिकाय अन्तर्गत रहेको मलवत्त विहार, कैण्डी (Kandy) मा वहाँको उपसम्पन्न कार्य पनि पूर्णभएको थियो।

पहिलोपटक संस्कृत अध्यापकको रूपमा श्रीलङ्का आएदेखि नै विशेष प्रभाव भएका व्यक्ति, जब तिब्बत यात्रापश्चात् भिक्षुभेषमा रहनु भयो, तब वहाँ (राहुल सांकृत्यायन) को सम्मानमा निकै वृद्धिभयो। काफी प्रसिद्धि पाएको कारण श्रीलङ्काका विभिन्न ठाउँहरूबाट धर्मोपदेश दिलाउन वहाँलाई निमन्त्रण आइनै रह्यो। यस दोस्रो पटकको श्रीलङ्का निवासकालमा वहाँले जोड–तोडका साथ "बुद्ध–चर्य्या" ग्रन्थ तयार गर्नुभएको थियो, यस बारे वहाँ भन्नुहुन्छ—



Downloaded from http://dhamma.digital

"विद्यालङ्कार विहारमे रहते वक्त अध्यापनके साथ मैंने हिन्दीमे एक बुद्धकी जीवनी लिखनेमे हाथ लगाया। अपने शब्दोंमे स्वतन्त्र जीवनी लिखनेकी अपेक्षा मैंने पसन्द किया कि वह त्रिपिटक (पाली) से संग्रह कर उसीके शब्दोंमे हो, ताकि लोग त्रिपिटककी ऐतिहासिक, भौगोलिक सामग्रीका लाभ उठाते हुये बुद्धके जीवनको पढे और स्वतन्त्र निर्णय करे। पढते वक्त किए नोटोंसे मुझे सामग्री जुटानेमे बढी आसानी हुई, और इसप्रकार मैंने बडी तेज गतिसे "बुद्ध-चर्य्या" लिखनेका काम शुरू किया।"

हो, वहाँले आफ्नो प्रसिद्ध ग्रन्थ "बुद्ध-चर्य्या" ६८ दिन (७ अक्टोवर-१४ दिसम्वर १९३०) मा सिध्याउनुभएको थियो। त्यसपश्चात् १५ डिसम्बर १९३० का दिन नै भिक्षु राहुल साँकृत्यायन भारतमा भइरहेको सत्याग्रह आन्दोलनमा भागलिन आउनुभयो। वहाँभन्दा अगाडि भदन्त आनन्द कौशल्यायन आउनुभएको थियो किन्तु वहाँलाई अंग्रेज सरकारले दरभङ्गा (विहार-प्रदेश) मा गिरफ्तार गरी केही दिन कृष्णजन्मस्थान (जेल) मा राखिएको थियो।

सत्याग्रह आन्दोलन अन्तर्गत राहुल साँकृत्यायन छपरा र एकमा आदि ठाउँहरूमा परिभ्रमण गर्दैरहनुभएको थियो। त्यसबेला वहाँको विशेष काम स्वयंसेवकहरूलाई खानपिनको बन्दोबस्तगर्नु एवं रूपिया-पैसाको प्रवन्ध मिलाउनु थियो। यस विषयमा वहाँ स्पष्ट भन्नुहुन्छ—



Downloaded from http://dhamma.digital

"आन्दोलनमे बाहर रहकर स्वयंसेवकोंको जन्मा करना, उनके खाने-पिनेका इन्तिजाम करना जेल जानेसे कहीं मुश्किल काम था। जेलमें चले जाने पर तो निश्चिन्त हो पढते-खेलते-खाते अपने समयको बिताया जा सकता था।"

कयौं शहीदहरूको शहादतबाट, कयौं स्वयं सेवकहरूको सहायताबाट देश स्वतन्त्र हुने हुन्छ तर स्वतन्त्रतापश्चात् २-३ नम्बरका शहीदहरू एवं स्वयंसेवकहरू गुमनाम भएर जान्छन्। यसै सन्दर्भमा राहुल सांकृत्यायनले असहयोग एवं सत्याग्रह आन्दोलनमा शहादत प्राप्त गर्नुभएका एवं स्वयंसेवक हुनुभएका आफ्नो समयका ३८ जना विस्मृत व्यक्तिहरूलाई स्मृत गरी "मेरे असहयोग के साथी" नामक संस्मरण संग्रह लेखनुभएको थियो, जुन पुस्तक किताबमहल, इलाहाबादबाट प्रकाशित भएको थियो। त्यस पुस्तकमा एक पात्र (व्यक्ति) थिए— बाबू महेन्द्र प्रसाद।

डा. राजेन्द्र प्रसाद (सन् १८८४-१९६३) लाई हामी भारतका प्रथम राष्ट्रपति एवं "देशरत्न" को रूपमा चिन्छौं, तर वहाँलाई त्यस स्थानमा पुऱ्याउनमा विशेष मदतदिनु भएका वहाँको सहोदर (जेष्ठ) दाजु महेन्द्रप्रसादको नाम हामीले शायद कहीं कतै देख्न एवं सुन्न पाएको छैन होला जसले एकदिन (जनवरी १९३१ ई.) राहुल सांकृत्ययनलाई भन्नुभएको थियो—



Downloaded from http://dhamma.digital

"बाबा ! अपनी कठिनाइयोंके कारण म आन्दोलन में शामिल नहीं हो रहा हुं, इसका मुझे बहु अफशोच है। पर, पैसे कौडीकी ओर से निश्चिन्त रहिये, जो जरूरत हो, मुझ से कहिये।"

राहुल साँकृत्यायन सन् १९३१ को मार्चको अन्तिम दिनमा कराँची (हाल पाकिस्तान) पुग्नुभएको थियो, जहाँ २९ देखि ३१ मार्च १९३१ सम्म कांग्रेसको सम्मेलन भएको थियो, त्यहीं वहाँले भदन्त आनन्द कौशल्यायनलाई पनि भेट्नुभयो।

कराँची सम्मेलनपश्चात् भदन्त आनन्द कौशल्यायन बम्बई हुँदै श्रीलङ्का जानुभएको थियो त राहुल साँकृत्यायन जो इतिहास र पुरातत्त्वका विद्यार्थी हुनाको कारण प्राचीन अवशेष मोहन-जो-डरो र हडप्पा हेर्ने उत्कृष्ट इच्छाले कराँचीबाट १ अप्रिल १९३१ का दिन हाल पाकिस्तानको हैदराबादमा ओर्लनुभएको थियो। हैदराबादबाट रेलद्वारा कोटरी हुँदै मोहन-जो-डरो जानुभएको थियो।

मोहन-जो-डरोको खुदाइको अवलोकनपश्चात् ४ अप्रिलको बिहान हडप्पाको प्राचीन ध्वंसावशेषको खुदाइ अवलोकन गर्न जानुभएको थियो। त्यसपश्चात् लाहोरमा ५ दिनजति रही राहुल साँकृत्यायन छपरा (विहार-प्रदेश) मा फर्कनुभएको थियो।



Downloaded from http://dhamma.digital

भिक्षु राहुल सांकृत्यायनले सन् १९३१ को वर्षावास "काशीविद्यापीठ" मा बिताउनुभएको थियो, जसको स्थापना सन् १९२१ मा भएको थियो। यस वर्षावासकालमा राहुल सांकृत्यायनले आफ्ना २ वटा ग्रन्थहरू प्रकाशित गर्न सफल हुनुभएको थियो। ती हुन्—

१) बुद्ध–चर्या २) अभिधर्म–कोश (सम्पादन)

यी ग्रन्थहरूको छपाइकार्य सिद्धितासाथ वहाँ सारनाथ जानुभएको थियो, जहाँ मेरी ऐलिजावेथ फोस्टर (सन् १८४४–१९३०) को सहायताबाट अनागारिक धर्मपाल (सन् १८६४–१९३३) ले निर्माण गर्नु भएको "मूल गन्धकुटी विहार" को समुदघाटन कार्यक्रम थियो—११ देखि १३ नवम्बर १९३१ सम्म।

यस समुद्घाटन महोत्सवमा देश–विदेशका हजारौं बौद्ध प्रतिनिधिहरूले भागलिएका थिए। श्रीलङ्काबाट भदन्त आनन्द कौशल्यायन एवं राहुल साकृत्यायनका दीक्षागुरु लु. धर्मानन्द महास्थविर पनि केही भिक्षुहरू एवं पचासौं उपासकोपासिकाहरूलाई साथ लिई आउनुभएको थियो। उद्घाटनसमारोहपश्चात् १४ नवम्बर १९३१ का दिन वहाँहरू (आनन्द कौशल्यायन र राहुल सांकृत्यायन लगायत) तथागतका संवेजनीय स्थलहरूको दर्शनको दौरानमा जेतवन (सहेट–महेट) को भग्नावसेष स्थलमा पुग्नुभएको थियो।



Downloaded from http://dhamma.digital



लु. धम्मानन्द महास्थविर
(सन् १८६६-१९४५)

Downloaded from http://dhamma.digital

यसै क्षेत्रमा रही भिक्षु एवं उपासिकोपासिकाहरूले नायकपाद लु. धम्मानन्द महास्थविरको तर्फबाट केही उपदेश सुन्ने इच्छा जाहेर गरे, जसअनुसार गुरुवरले संयुक्त निकायको "अनाथपिण्डिक सुत्त" को पहिलो गाथा "इदं जेतवनं पुञ्ज इसि संघेहि सेवितं ..." शुरू गरेको मात्र थियो, वहाँले पूरा गर्न सक्नुभएन, विह्वल ( शोकाकुल ) हुनु भयो। कारण राहुल साँकृत्यायन स्पष्ट गर्नुहुन्छ—

"ख्याल किजिए, उस आदमीकी मानसिक अवस्थाका, जिसने जेतवनके बारेमे, श्रावस्तीके राजकुमार जेतके राजोद्यानके रूपमे सिर्फ पढाही नहीं बल्कि उसका मानसिक साक्षात्कार किया, जिसने अनाथपिण्डकको मुँहरे बिछाकर उसे खरीदते देखा, जिसने बुद्धको अपने प्रमुख शिष्योंके साथ वहाँ बर्षायें बिताते देखा, और जिसने बुद्ध निर्वाणवाले बर्षमें, आनन्दको इसी गन्धकुटीमें झाड-बुहारकर, आसन जलकुम्भ सभी चीजें बुद्धके जीवित रहनेकी अवस्थाकी भाँति श्रद्धासे रखते देखा। पिछली शताब्दियोंमे जहाँ अपनी श्रद्धाके फूल चढानेके लिए मोग्गलिपुत्त तिस्स जैसे अनेकौं सङ्घजेष्ठ, अशोक जैसे अनेकौं मुकुटधर आए और जिसे आज एक निर्जन जमिनसे जीर्ण-शीर्ण इटोंकी टूटी-फूटी दिवारोंके रूपमे खोदकर निकाला गया है बुद्धके निवाससे परमपुनीत इस स्थानकी यह अवस्था होगी इसकी भला उन्हें कभी कल्पना भी हो सकती थी ?"



Downloaded from http://dhamma.digital

आफ्ना गुरुवरका साथ भवन्त आनन्द कौशल्यायन र भवन्त राहुल सांकृत्यायन पनि पुनः एकपटक लुम्बिनी, बुद्धगया, सारनाथ, कुशीनगर, नालन्दा र राजगृह आदि ठाउँको अवलोकनपश्चात् २८ नवम्बर १९३१ का दिन विद्यालङ्कार परिवेणमा पुग्नुभयो।

यसै निवासकालमा "महाबोधि सभा" बाट लन्डन (इङ्गलैण्ड) मा धर्म प्रचारार्थ पठाइएका भिक्षुहरू फिर्ता आएका थिए। अतः त्यस सभा नयाँ प्रचारकहरू पठाउने प्रबन्धमा थियो। त्यसताका "महाबोधि सभा" का प्रमुख श्री एन. डी. एस. सिल्वा र वहाँकी पत्नी दुबै नायकपाद लु. धम्मानन्दका अनुत्तर भक्त थिए। वहाँहरूको दृष्टि भवन्त आनन्द कौशल्यायनमा पऱ्यो, जो त्यसबेलासम्ममा अंग्रेजीबाट धर्मव्याख्यान दिनमा पनि निपुण भइसकेको थिए, अतः वहाँको नियुक्ति गर्न खोजिएको थियो।

तर समस्या पासपोर्टको थियो। वहाँका साथ वहाँकै आग्रहमा राहुल सांकृत्यायनलाई पनि लन्दन पठाउने प्रबन्ध महाबोधि सभाले मिलाइसकेको थियो। भारतमा अंग्रेज सरकारको अतिथि बनिसकेका वहाँहरूलाई बृटिश उपनिवेश रहेको श्रीलङ्का सरकारले पासपोर्ट दिन हिचकिच्याइरहेको थियो तर श्रीलङ्काका स्वयं प्रधानमन्त्री सर डी. बी. जयतिलक (Sir Don Baron Jayatilaka) जो एक विशिष्ट बौद्ध



Downloaded from http://dhamma.digital

विद्धान् पनि थिए बीचमा आइसकेपछि इङ्गलैण्डको मात्र होइन सारा बृटिश साम्राज्यको पासपोर्ट वहाँहरूलाई प्रदान गरेको थियो।

यसरी सर डी.बी. जयतिलक (सन् १८६८–१९४४) को अनुकम्पाबाट पासपोर्ट प्राप्त भइसकेपछि वहाँहरू (आनन्द कौशल्यायन र राहुल साँकृत्यायन) दुबै जना लन्डन जानको निमित्त ५ जुलाई १९३२ का दिन विहान ६. बजे कोलम्बो बन्दरगाहमा पुग्नुभयो।

"दार्तञ्नाँ" नामक जहाजबाट यूरोप प्रस्थान गर्नु भएका वहाँहरू २३ जुलाईका दिन फ्रान्स पुग्नुभएको थियो। फ्रान्सबाट वहाँहरू रेलबाट लण्डन पुग्नुभएको थियो। २७ जुलाई १९३२ का दिन लण्डन पुग्नुभएका वहाँहरू समक्ष २८ जुलाई १९३२ का दिनमै इङ्गलैण्डका केही प्रमुख पत्रकारहरू त्यहाँ आइपुगे।

भिक्षु राहुल साँकृत्यायन २७ जुलाईदेखि १३ नवम्बर १९३२ सम्म (साढे तीन महिना) लण्डनमा रहनुभएको थियो। यस अवधिभित्रमा वहाँहरू एक साथ अनेकौं दर्शनीय स्थलहरूका साथै ५ अक्टोवर १९३२ का दिन केन्सिङ्गटन म्यूजियममा पुग्नुभएको थियो। जहाँ सन् १८५१ देखि बुद्धका प्रमुख शिष्य (अग्रश्रावक) सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु सुरक्षित गरिराखेका थिए। वहाँहरूलाई



Downloaded from http://dhamma.digital

म्यूजियमका अधिकारी मिस्टर केम्बेल महाशयले ती अस्थिधातु देखाउनुभएको थियो। त्यसबेलाको स्मरणलाई राहुल सांकृत्यायन यसरी उल्लेख गर्नुहुन्छ—

"मिस्टर केम्बेलने इन डिबियोंको दिखलाया, उनपर इशापूर्व दूसरी शताब्दीकी लिपि में उन दोनों सत्पुरुषोंका नाम अङ्कित था। भीतर खोलनेपर हड्डीके छोटे टुकडे दिखलाई पडे। बुद्धके सबसे अधिक मेधावी इन दोनों शिष्योंके शरीरका अवशेष अब दुनियां मे इतना ही रह गया है। हम लोगोंने बढी श्रद्धाके साथ उन्हें देखा।"

१४ नवम्बर १९३२ का दिन लण्डनबाट पेरिस प्रस्थान गर्नु एकदिनअगाडि (१३ नवम्बर) भिक्षु राहुल सांकृत्यायन र आनन्द कौशल्यायनले एक आपसमा सरसल्लाह गरी आर्य सारिपुत्र महास्थविरको अस्थि केन्सिङ्गटन म्यूजियमको एक ठूलोहलमा प्रदर्शन गराएको थियो, किनकि त्यस दिन कार्तिक पूर्णिमा पर्न आएको थियो— त्यही दिन वहाँ (सारिपुत्र महास्थविर) को परिनिर्वाण भएको थियो।

१४ नवम्बरका दिन आनन्द कौशल्यायन र अन्य मित्रहरूसित बिदा लिई भिक्षु राहुल सांकृत्यायन पेरिस (फ्रान्स) तिर प्रस्थान गर्नुभयो। वहाँ २१ नवम्बर १९३२ सम्म पेरिसमा रहनुभएको थियो। यस समयावधिभित्रमा राहुल



Downloaded from http://dhamma.digital

साँकृत्यायनले आचार्य सिलवेन लेवीका साथै "Les Amis Du Buddhisme" का एक संस्थापक मिस ग्रेस कन्स्टाण्ट लाउँसबरी ( Miss Grace Constant Launsbery ) लाई भेटी कुशल वार्तालाप गर्नुभएको थियो।

पेरिसबाट राहुल साँकृत्यायन जर्मनको लागि प्रस्थान गर्नुभयो। जर्मनमा पनि वहाँले कयौं बौद्ध विद्वान् एवं बौद्धोपासकपासिकाहरूलाई भेट्नुभएको थियो। वहाँ डा. पाँल ढाल्के ( सन् १८६५–१९२८ ) ले निर्माण गर्नुभएको फ्रोनहाउको "बुद्ध विहार" मा रहनुभएको थियो।

जर्मनमा एक महिना जति रहनुभई राहुल साँकृत्यायन १६ जनवरी १९३३ का दिन कोलम्बो (श्रीलङ्का) पुग्नुभयो। वहाँ श्रीलङ्कामा पुग्नुभएकै दिन सारनाथमा अनागारिक धर्मपाल (श्रामणेर भइसकेका) को उपसम्पदाकार्य सुसम्पन्न भएको थियो, जुन उपसम्पदाकार्यमा सम्मिलित हुन नायकपाद लु. धर्मानन्द महास्थविर केही भिक्षुहरूलाई साथ लिई सारनाथ जानुभएको थियो। गुरुवरको दर्शन गरी भेटवार्ता गर्नु अत्यावश्यक थियो। अतः राहुल साँकृत्यायन गुरुवरका प्रतीक्षामा विद्यालङ्कार परिवेणमा रहँदै थिए। २३ जनवरी १९३३ का दिन नायकपाद भारतबाट फर्कनुभयो र एक हप्ता साथमा रहनुभई ३० जनवरी १९३३ का दिन भारत आउनको लागि राहुल साँकृत्यायनले विदा लिनुभयो, त्यसदिनको



Downloaded from http://dhamma.digital

बारेमा वहाँले आफ्नो दैनन्दिनी (Diary) मा यसप्रकार उल्लेख गर्नुभएको छ—

"विदा होते वक्त उनकी आँखो में आँसू आ गये। कौन जानता है, यही अन्तिम दर्शन हो। सचमुच ही श्री धर्मानन्द नायक महास्थविरका हृदय बहुत ही कोमल था, और मेरे ऊपर तो उनका अपार स्नेह था।"

३० जनवरी १९३३ का दिन श्रीलङ्काबाट भारत आगमन गर्नुभएका राहुल साँकृत्यायन कलकत्तामा केही दिन रही ६ फरवरीका दिन सुल्तानगंज (भागलपुर) पुग्नुभएको थियो। त्यहाँ ८ मार्च १९३३ सम्म रहनुभई 'गंगा' नामक पत्रिकाको "पुरातत्त्वाङ्क" विषयको सम्पादक हुनुको साथै पुरातत्त्व सम्बन्धी केही लेखहरू पनि प्रकाशित गर्नुभएको थियो।

वहाँ सुल्तानगंजबाट ९ मार्च १९३३ का दिन पटना आइपुग्नु भयो र रेल्वे प्लेटफार्ममै इन्तजार गरिरहनुभएका इतिहासकार एवं पुरातत्त्वज्ञ डा. काशीप्रसाद जायसवाल (सन् १८८०–१९३७) का साथ वहाँको बङ्गलामा पुग्नुभयो। त्यसदिनदेखि ४ अगस्त १९३७ (जायसवाल निधन) सम्म वहाँहरू आपसमा सहोदर सम्मान मैत्री सम्बन्ध कायम भएको थियो, यसको प्रमाण राहुल साँकृत्यायनले आफ्नो प्रमुख ग्रन्थहरूमा गरेको "समर्पण" बाट स्पष्ट हुन आउँछ, जस्तै—



Downloaded from http://dhamma.digital

१) "काशीप्रसाद जयसवालकी स्नेहपूर्ण स्मृतिमें जिनके शब्द पुस्तक लिखते वक्त बराबर कानोंमें गूंजथे थे और जिन्हे सुनानेकी उत्कंठामे कितनी ही बार मैं भूल जाता था, कि सुननेवाला चिर-निद्राविलीन है।"

(दर्शन-दिग्दर्शन)

२) "परंगत डा. काशीप्रसाद जायसवालको जिनकी स्मृति अठारह बर्षोंके अनन्त बियोगके बाद भी मेरे जीवनकी प्रिय निधि है।"

( मध्य एशियाका इतिहास )

यस अवधिभित्र (सन् १९३३-१९३७) मा भिक्षु राहुल साँकृत्यायनले एकपटक लद्दाख यात्रा ( सन् १९३३ को मध्येमा), दुइपटक तिब्बत यात्रा (सन् १९३४ र सन् १९३६ मा) का साथै सन् १९३५ मा जापानको पनि यात्रा गर्नुभएको थियो। यसै यात्राअन्तर्गत २५ अगस्त देखि ११ सितम्बर १९३५ सम्म (१४ दिन) राहुल साँकृत्यायनले पहिलोपटक सोभियत भूमि (रूस) मा प्रवास गर्नुभएको थियो।

सन् १९३६ को तेस्रो तिब्बत यात्रा पश्चात् राहुल साँकृत्यायनलाई २२ नवम्बर १९३६ का दिन वहाँको संस्कृतमा विद्वताको कारण बाराणसीको संस्कृत पण्डितहरूको



Downloaded from http://dhamma.digital

"श्री काशी-पण्डित-सभा" ले "महापण्डित" को उपाधि (मानपत्र) प्रदान गरेको थियो। पछि आएर संस्कृतका "महापण्डित" राहुल सांकृत्यायनले उद्गार व्यक्त भन्नुहुन्थ्यो—

' जिसे मूर्ख बनाना हो, उसका सबसे अच्छा उपाय यही है कि उसे केवल "संस्कृत" पढा दो।"

सन् १९३७-३८ मा राहुल सांकृत्यायनले दोस्रो पटक रूस-यात्रा गर्नुभएको थियो। यसै यात्राकालमा वहाँले भिक्षु वस्त्र त्यागी लेनिनग्राद (सेण्टपीटर्सवर्ग) विश्वविद्यालयका एक प्राच्यविद आचार्य श्चेर्बात्स्की (सन् १८६६-१९४२) का एक प्रमुख शिष्या लोला (ऐलेना) सित २२ डिसम्बर १९३७ का दिन विवाह गर्नुभएको थियो, जसको फलस्वरूप ५ सितम्बर १९३८ का दिन वहाँहरूले एक सुपुत्र पाउनु भयो—जसलाई माता लोलाले "ईगर" नामकरण गरेको थिइन्।

ईगर— जन्मेको बेला पिता राहुल सांकृत्यायन तिब्बतको चौथो यात्रामा थिए। वहाँ रूसबाट तिब्बतमा पुनः एकपटक ग्रन्थहरूको खोजबिनको निमित्त जाने लक्ष्य लिई जनवरी, १९३८ मा काबुल (अफगानिस्तान) हुँदै भारत फर्कनु भएको थियो। तिब्बतको यात्रा गर्न बिना भिक्षु भेषले



Downloaded from http://dhamma.digital

नसकिने भएको कारण वहाँले पुनः ९ फरवरी १९३८ का दिन पेशावर ( हाल पाकिस्तान ) मा कोट-पतलून छोडी चीवर लगाउनुभएको थियो। वहाँ पेशाबरबाट सहाजनपुर हुँदै १३ फरवरीका दिन इलाहावाद पुग्नुभएको थियो र १६ फरवरीका दिन सारनाथ पुगी त्यहाँ केही दिन रही २३ फरवरीका १९३८ का दिन पटना पुग्नुभएको थियो।

राहुल साँकृत्यायन पटना पुग्नुभई आवश्यक प्रवन्ध सरकारकै तर्फबाट मिलाइसकेपछि तिब्बत प्रस्थान गर्नको निमित्त २३ अप्रिल १९३८ का दिन गान्टोक (सिक्किम) पुग्नुभएको थियो। केही मित्रहरूका साथ प्रारम्भ गरेको यस चौथो तिब्बतयात्रा ६ महिनामा सम्पूर्ण कार्य सिध्याई ३ अक्टोवर १९३८ का दिन गान्टोकमै फर्कनुभएको थियो। यस यात्रामा वहाँले निकै साधनहरूबाट सुसज्जित भइ गएको भएता पनि यस यात्रामै वहाँले निकै मानसिक एवं शारीरिक कष्ट पनि उठाउनुपरेको थियो। तिब्बतबाट फर्किरहेको बेला बीच बाटोमा डाँकाहरूको जमात रहेको कारण हातमा पिस्तोल र साथीहरूले तलवार लिई फर्कनुपरेको थियो।

वहाँ गान्टोकबाट सिलीगुडी हुँदै ५ अक्टोवर १९३८ का दिन कलकत्ता पुग्नुभयो। त्यसबेलादेखि वहाँले सक्रिय रूपमा (क्रियात्मक) राजनीतिमा भागलिने निश्चय गर्नुभयो।



Downloaded from http://dhamma.digital

सन् १९३९ को शुरूमै वहाँ "भारतीय कम्युनिष्ट पार्टी" को सदस्य हुनुभयो। वहाँले कार्यान्वयनस्वरूप आफ्नै नेतृत्वमा केही ठाउँहरूमा जमिन्दारहरूको विरोधमा किसानहरूको पक्ष लिई सत्याग्रह शुरूगर्नुभएको थियो। ती सत्याग्रहहरूमा बिहार प्रदेशको 'अमवारी' भन्ने स्थानको सत्याग्रह अति स्मरणीय हुन गयो, किनकि 'अमवारी सत्याग्रह' मै वहाँले जीवनको अन्तिमसमयमा भएको "ब्रेन पायरलासिस" को निम्तो (कारण) हुनगएको थियो। यसको मतलब यस सत्याग्रहको बेला जमिन्दारको हाथीवान कुरवानले वहाँको टाउकोमा जोडले लट्ठीप्रहार गरेको थियो। त्यसबेला वहाँलाई त्यतिको असह्य त भएन तर टाउकोबाट रगत निस्किएको थियो। त्यस कुरवारलाई गिरफ्तार गरियो र मुकद्मा चलाइयो तर त्यसलाई जेल जानबाट राहुल सांकृत्यायनले नै बचायो, कारण वहाँ नै बताउनुहुन्छ—

"कुरवानके ऊपर सरकारने मुकद्मा चलाया था, मैं उसमे गवाही देनेके लिए गया। मैं सोचता था—कुरवानका क्या कसूर, लाठी उसने नहीं चलाई, उसके मालिक (जमिन्दार) ने चलवाई, फिर उसे जेलकी यातना दिलवानेसे क्या फायदा। २९ अगस्त १९३८ को मुकद्मेकी तारीख थी। मैंने उस दिन अदालतमे जाकर दरखास्त देदी, कि कुरवानको छोड दिया जाय, मैं नहीं चाहता कि उसपर मुकद्मा चलाया जाय। लोगोंको आश्चर्य तो हुआ, मुझको



Downloaded from http://dhamma.digital

इसमे कोई आश्चर्यकी बात नहीं मालूम हुई। आखिरमे कुरवानको छोड देना पडा।"

अमवारी सत्याग्रह अन्तर्गत राहुल साँकृत्यायनलाई २४ फरवरी देखि १० मई १९३९ सम्म सिवानमा केही दिन पश्चात् छपराजेलमा राखन ल्याइएको थियो। छपराजेलमा वहाँलाई कैदीको वस्त्र लगाउन दिइएको सन्दर्भमा वहाँ भन्नुहुन्छ—

जेलमें अबको बार जब गिरफ्तार करके आया, तभीसे मैंने अधबहियाँ कुरता और जाँघिया पहनना शुरू किया था। लेकिन अब भी पीले कपडे (पहेंलो वस्त्र) मेरे पासथे। १७ अप्रिल १९३९ को मुझे कैदियोंका कपडा पहननेको मिला। उस दिन "चलो धर्म से अब नाममात्रका भी सम्बन्ध नहीं रहा" यह वाक्य लिखा था।"

स्मरणीय छ, यसै जेलयात्राकाल (३ महिना भित्र) मा राहुल साँकृत्यायनले १४ देखि २० मार्च (एक हप्ता) सम्ममा "तुह्मारी क्षय" पुस्तक लेखनुभएको थियो, त्यस्तै २५ मार्च देखि २१ मईको समयावधिभित्रमा "जिने के लिए" उपन्यास पनि पूर्ण गर्नुभएको थियो।

महापण्डित राहुल साँकृत्यायन सन् १९४० को मार्च महिनामा आन्ध्र-प्रदेशको पलाशा नामक गाउँमा हुन लागेको "अखिल भारतीय किसान सम्मेलन" को सभापति



Downloaded from http://dhamma.digital

नियुक्त हुनुभएको थियो। अतः वहाँलाई अभिभाषण तयार गर्नुथियो। वहाँ इलाहाबाद (प्रयाग) मा मित्र डा. उदयनारायण तिवारीको घरमा रही अभिभाषण लेखिरहनु भएको थियो। त्यही १५ मार्च १९४० का दिन थानेदार साहेब ६,७ जना पुलिसहरूलाई साथ लिई वहाँलाई गिरफ्तार गर्न आए। त्यही दिन वहाँलाई रातको ९. बजे मलाका जेलमा पुऱ्याइयो।

मलाका जेलमा १२ दिनजति राखेपछि वहाँलाई २७ मार्च १९४० का दिन हजारीबाग जेलमा लगिएको थियो। हजारीबाग जेलमा ९ महिना राखेपछि वहाँलाई देवली कैम्पमा २६ डिसम्बर १९४० का दिन पुऱ्याइयो, त्यहाँ पूरा एक वर्ष (२६ डिसम्बर १९४०–२७ डिसम्बर १९४१) बिताई पुनः २ जनवरी १९४२ का दिन हजारीबाग जेलमै ल्याइयो, जहाँ ७ महिनासम्म रहेपश्चात् २३ जुलाई १९४२ का दिन राहुल साँकृत्यायनलाई जेलबाट मुक्त गरिदिएको थियो।

यस २९ महिना (मार्च, १९४०–जुलाई, १९४२) को जेलयात्राकाल वहाँको निमित्त वरदानस्वरूप नै हुनगएको थियो किनकि वहाँले यस समयावधिभित्र, ६ वटा ठूल्ठूला ग्रन्थहरू र ८ वटा भोजपुरीनाटकहरू लेख्नुभएको थियो। ती ग्रन्थहरू निम्न हुन्—



Downloaded from http://dhamma.digital

१) विश्वकी रूपरेखा—

३० जुलाई– २७ अगस्त– १९४१ (२९ दिनमा)।

२) मानव समाज—

८ सितम्बर– १४ अक्टोबर १९४१ (३६ दिनमा)।

३) दर्शन–दिग्दर्शन—

१६ अक्टोबर १९४१–११ मार्च १९४२ (१४५ दिनको अवधिमा)।

४) वैज्ञानिक-भौतिकवाद—

१२ मार्च– २४ मार्च १९४२ (१२ दिनमा)।

५) सिंह सेनापति—

७ मई – २६ मई १९४२ (१९ दिनमा)।

६) वोल्गा से गङ्गा—

१ जून–२१ जून १९४२ (२० दिनमा)।

८ वटा भोजपुरीनाटकहरू यसप्रकार छन्:—

१) जपनियाँ राछछ
२) देस–रच्छक
३) जरमनवाँके हार निरिचय
४) ई हमार लडाई
५) ढुनमुन नेता
६) नइकी दुनियाँ
७) जोंक
८) मेहरारूनके दुर्दशा



Downloaded from http://dhamma.digital


यी ८ वटा नाटकहरूलाई "पाँच नाटक" र "तीन नाटक" को रूपमा पुस्ताकारको रूप दिइएको थियो।

२३ जुलाई १९४२ का दिन रिहाईभएको भोलिपल्टै राहुल साँकृत्यायन पटना पुग्नुभयो। पटनाबाट वहाँ सोनपुर, छपरा हुँदै अगस्तको पहिलो दिनमा कलकत्ता पुग्नुभयो। कलकत्तामा केही दिन रही ११ अगस्त १९४२ का दिन पुनः वहाँ पटना जानुभयो। त्यही दिन पटनामा एक जुलूस जसमा १० औं हजार जनता एकत्रित भई सचिवालयभवनलाई घेरा हालेको थियो। त्यसै बीच एक बहादुर क्रान्तिदूतले पश्चिममार्गबाट (पूर्वको मुख्य द्वार बन्द) भित्र गई सचिवालयको ध्वज–स्तम्भमाथि राष्ट्रिय ३ रङ्गी झण्डा फरफराउन सफलभएको थियो। यसैको जोशमा अंग्रेज सरकारका पुलिस (फौज) हरूले अन्धाधुन्ध गोलीमात्र चलाएका थिएनन् कि १० हजारको भीडमा घोड सवारहरू छोडी सयौं व्यक्तिहरूलाई घाइते तुल्याएका थिए। जसमा ७ जना घटनास्थलमै शहीद हुन पुगेका थिए। वहाँहरूको स्मरणस्वरूप स्वतन्त्रतापश्चात् पटनाको त्यस सचिवालय–भवनको पूर्वीद्वारको अगाडि चौडोबाटोमा एक शहीद स्मारक बनाइएको थियो जुन स्मारकमा सातै जनाको हृदयविदारक दृश्य मूर्तिको रूपमा अङ्कित गरिएको थियो।

६ अप्रिल १९४३ देखि राहुल साँकृत्यायन आफ्नो जिल्ला आजमगढमा जानको लागि स्वतन्त्र भइसकेको थियो



Downloaded from http://dhamma.digital



राहुल साँकृत्यायन – भदन्त आनन्द कौशल्यायन (बायाँ)
र श्रामणेर महानाम (दायाँ– हाल भिक्षु महानाम,
आनन्दकुटी विहारस्थित) का साथ सारनाथमा
( हजारीबाग जेलबाट छुट्टिनासाथ १९४२ )

Downloaded from http://dhamma.digital

किनकि वहाँ ५० बर्ष पूरा हुनु भयो। सन् १९१७ मा बनारसमा पिता गोबर्द्धन पाण्डे (निधन–सन् १९२०) को सन्मुख पुत्र रामोदरले प्रतिज्ञा गर्नुभएको थियो—

"मैं कनैलाके अयोग्य हूँ। मैं आपके कामका नहीं रहा। आप पकडकर मुझे नहीं रख सकते। मेरी इच्छा घर जाने की बिलकुल नहीं है। मैं प्रतिज्ञा करता हूँ पचास आयु होने तक आजमगढ जिलेकी सीमा में पैर नहीं रखूंगा। अब जोर देनेका भयङ्कर परिणाम होगा–आपको मेरे जीवन से हाथ धोना पडेगा।"

तब पिता गोबर्धन पाण्डेले पनि जवाफ दिएको थियो—

"अब मैं तुह्मारे रास्ते की रूकावट नहीं बनूंगा। किन्तु साथ ही मैं भी कनैला न जाकर यहीं बनारस में ही अपना शेष जीवन बिता दूंगा।"

साँच्चै पिता गोबर्धन पाण्डेले आफ्नो कथनानुसार बनारसमानै आफ्नो शेष जीवन बिताइरहेका थिए, तर पछि कयौं महिनाबाद घरका परिवारहरू आई सम्झाई बुझाई साथ लगेका थिए।

पछि महापण्डित राहुल साँकृत्यायनले आपनो प्रसिद्ध एवं पहिलो ग्रन्थ "बुद्ध–चर्य्या" स्वर्गीय पितालाई समर्पण गरेको थियो, जस्तो कि –



Downloaded from http://dhamma.digital

"मेरे गृहत्याग से जिनके अ-बांधक्य जीवनके अन्तिम वर्ष दुःखमय बन गये, उन्ही सांकृत्य संगोत्र, मलांव–पाँडे, स्वर्गीय पिता श्री गोवर्धनकी स्मृति में।"

अतः राहुल सांकृत्यायनले १२ अप्रिल देखि १९ अप्रिल १९४३ सम्म (एक हप्ता) प्रसिद्ध जनवादी कवि नागार्जुन (गुरुभाइ पनि– विद्यालङ्कार परिवेणका नायकपाद लु. धम्मानन्द महास्थविरका शिष्य भई केही वर्ष भिक्षु जीवन बिताइसकेका) का साथ जन्मग्राम वा मातृग्राम पन्दहा र पितृग्राम कनैलाको लागि यात्रा गर्नुभएको थियो, जुन एक प्रकारले वहाँको निमित्त तिर्थयात्रा नै थियो।

यसपश्चात् पनि राहुल सांकृत्यायन, नागार्जुनलाई साथ लिई उत्तराखण्डको यात्रा अन्तर्गत मई – जून १९४३ मा हरिद्वार, ऋषिकेश, गङ्गोत्री, मसूरी, देहरादून, कालसी, बासमती आदि ठाउँमा यात्रा गरी जुलाई महिनामा प्रयाग पुग्नुभएको थियो। प्रयागबाट पुनः बम्बई, अल्मोडा, दिल्ली र काश्मीर हुँदै आन्ध्र प्रदेशको विभिन्न भूभागहरूमा ऐतिहासिक परिभ्रमण गर्नुभएको थियो जसमा धान्यकटक (अमरावती), श्रीपर्वत (नागार्जुन कोण्डा) आदि प्रमुख थिए।

सन् १९४४ को जुलाई – अगस्त (२६ जुलाई–१६ अगस्त) महिनामा इलाहाबादमा रही वहाँले "जय यौधेय"



Downloaded from http://dhamma.digital

नामक ऐतिहासिक ग्रन्थको लेखनकार्य पूरा गर्नुभएको थियो। १७ अगस्तदेखि पुनः वहाँले "भागी नहीं (दुनिया को) बदलो" नामक पुस्तक शुरू गर्नु (लेख्नु) भयो, जुन २८ अगस्त (१२ दिनमा) मा पूरा गर्नुभएको थियो।

सन् १९४५ मा राहुल साँकृत्यायनलाई रूसको लेनिनग्राद विश्वविद्यालयको प्राच्यविभागबाट संस्कृतको अध्यापक हुन पुनः निमन्त्रण पठाइयो। अतः निकै कठिनाइका साथ पासपोर्ट र बीसा प्राप्त गरी वहाँ इरान हुँदै ४ जन् १९४५ का दिन लेनिनग्राद पुग्नुभएको थियो। वहाँ पहिले संस्कृत पछि हिन्दी र तिब्बतीको पनि अध्यापक हुनुभएको थियो। यसपटक वहाँ पूरा २५ मास सोभियत-भूमि (रूस) मा रहनुभएको थियो। यसको विवरण "रूस में पच्चीस मास" नामक वहाँको पुस्तकमा लेखिएको छ जुन वहाँको जीवन-यात्राको एक भाग थियो।

यसपटकको यात्रामा वहाँले आफ्नो जीवनको लक्ष्य २ मध्ये एक चुन्नुपरेको थियो। एक त सोभियत भूमिमा रही पत्नी लोला र पुत्र ईगरका साथ जीवन यापन गर्नु, दोस्रो आफ्नो देश (भारत) मा फर्की पूर्ववत् आफ्नो देश, भाषा तथा साहित्यको सेवा गर्नु। वहाँले दोस्रो जीवनलाई महत्त्व दिई भारत स्वतन्त्र भएको दुइ-दिनपछि बम्बई बन्दर्गाहमा पुग्नुभएको थियो। त्यस दिनको याद्गारलाई वहाँले यसरी उल्लेख गर्नुभएको छ—



Downloaded from http://dhamma.digital

"१७ अगस्त १९४७ रविवारका दिन आया। प्रातः १०. बजे से भारतीय तट दिखलायी पडने लगा (अन्तिम जहाजी यात्राको दिन)। ३४–३५ महिनेबाद में फिर भारत भुमि की झाँकी कर रहा था। रह रह कर "जननी जन्म-भूमिश्च स्वर्गादपि गरीयसी" याद आ रहा था और साथ ही यह भी कि अब हमारी मातृभूमि अंग्रेजोंके हाथ से मुक्त है। १२ बजेके करीब जहाज समुद्र तट से लगा, मानो मातृभूमिका स्पर्श हो गया, इसलिये हृदय और आह्लादित हो उठा।"

रूस जस्तो ठन्डी देशमा पूरा २ वर्ष एक महिना रहेर आएको कारण वहाँको स्वास्थ्यले भारतको गर्मी जलवायु पचाउन असमर्थ भए। अतः वहाँले रूसबाट फर्कनुभएको डेढ–दुइ, वर्ष भारतको विभिन्न प्रदेशका भूभाग-हरूमा घुमफिर गरिसकेपछि समुद्र सतहबाट चार हजार फीट उचाईमा रहेको, सिलीगुडी शहरबाट ४५ माइल उत्तरमा अवस्थित 'कालिम्पोङ्ग' शहरलाई उपयुक्त स्थान नियुक्त गर्नुभयो।

वहाँले "पारिभाषिक शब्दकोश" तयार गर्न सहयोगी-हरूको एक समूह नै तयार गरिराख्नुभएको थियो। ती सहयोगीहरूमा डा. प्रभाकर माचवे, विद्याविनास मित्र, कुमारी कमला परियार आदि थिए। कुमारी कमला परियार



Downloaded from http://dhamma.digital

टाइपको काम गर्थिन्। कमला परियारको अन्य काम थियो— भयङ्कर डायविटीज रोगका शिकारी राहुल साँकृत्यायनलाई नियमित रूपमा इन्सुलीन इंजेक्शन पनि दिनु।

यसरी सन् १९४९ को मध्येमा राहुल साँकृत्यायन कालिम्पोङ्गको एक बङ्गलामा आफ्ना सहयोगीहरूका साथ "शासन शब्दकोश" तयार गर्नमा व्यस्त थिए, केही महिना पछि नै शब्दकोश तयार भई प्रकाशित भएको थियो।

सन् १९४९ को डिसम्बर महिनामा हैदराबाद (आन्ध्र प्रदेश) मा "हिन्दी साहित्य सम्मेलन" सम्पन्नभएको थियो, जुन सम्मेलनमा अखिल भारतीय हिन्दी साहित्य सम्मेलनको सभापतिको रूपमा राहुल साँकृत्यायन उपस्थित हुनुभएको थियो। यस सम्मेलनमा कमला परियारलाई पनि साथ लानुभएको थियो। सम्मेलनपश्चात् कमला परियारलाई साथ लिई राहुल साँकृत्यायन अजन्ता, इलौरा, वर्धा हुँदै प्रयाग पुग्नुभएको थियो।

सन् १९५० को गर्मी महिना (४ महिना) राहुल साँकृत्यायनले नैनीतालमा बिताउनुभएको थियो। यसको केही महिनापछि देखि कमला परियार, कमला साँकृत्यायन हुन पुगिन्। वहाँहरू एक आपसमा वैवाहिक सम्बन्ध २३ डिसम्बर १९५० का दिनदेखि शुरू गर्नुभएको थियो।



Downloaded from http://dhamma.digital

नैनीतालपछि सांकृत्यायन दम्पतीले आफ्नो स्थायी निवासको निमित्त उपयुक्त स्थान पर्वतीय नगर "मसूरी" निश्चित गर्नुभयो। अतः वहाँहरूले मसूरीमा एउटा घर (बङ्गला) किन्नुभयो, जुन बङ्गला मुख्य शहरबाट ३ माइल टाढा थियो। त्यस बङ्गलाको नाम थियो— "हर्न क्लिफ हैप्पीवेली"।

मसूरीमा वहाँहरू सन् १९५८ को शुरूसम्म रहनुभएको थियो। त्यस अवधिभित्रमा वहाँहरूले सन् १९५३ को सितम्बर महिनामा पुत्री जया र सन् १९५५ को जनवरी ३१ का दिन पुत्र जेता पाउनुभएको थियो।

सन् १९५३ को जनवरी महिनाको पहिलो हप्तामै वहाँहरूले नेपालको यात्रा गर्नुभएको थियो। विशेषतः राहुल सांकृत्यायनको पाँचौं पटकको यस यात्राको लक्ष्य नेपाल सम्बन्धी सामग्री जम्मा गर्नको निमित्त थियो, जसको आधारमा वहाँले नेपालबाट फर्केपछि "नेपाल" नामक एक ठूलो ग्रन्थ लेख्नुभएको थियो।

यसै नेपाल यात्रा सम्बन्धी राहुल सांकृत्यायनले आफ्नो जीवन-यात्रामा लेख्नुभएको केही दिनका स्मरणहरू:—

१) "४ जनवरी १९५३ को हमने सवेरे मसूरी से देहरादून आ,............। रातको ७ बजे लखनऊ की ट्रेन पकड़ी।



Downloaded from http://dhamma.digital

२) ८ जनवरी— सुबह चाय पीकर हवाई अड्डे पर (पटना) पहुंचे। ... ... ...। पटना से चलकर ५५ मिनट बाद हम नेपालकी धरती पर उतर गए। अड्डे पर ही श्री जनकलाल शर्मा, श्री धर्मरत्न 'यमि', उनके चचा मानदास और दूसरे मित्र मिले। ... ... ...। ठहरने के लिए श्री विश्वेश्वर प्रसाद कोइरालाने पुतली सडक पर अवस्थित अपने बङ्गलेको दे दिया था। ... ... ...।"

३) ९ जनवरी— "धर्मरत्न जी आकर अपने घर ले गए, जो शहर के भीतर था। यहाँ हमे मिलने–जुलने मे अधिक अनूकुलता थी, इसलिए, अगले दिन से हम यही चले आए। उनके पैतृक घरको राणा सरकार ने राजनीतिक अपराध के कारण जब्त कर लिया था, जो अभी तक नहीं लौटा था। ... ... ... ...।"

४) १० जनवरी— "आज महाकवि देवकोटा (लक्ष्मी प्रसाद) के दर्शन हुए। वह बहुत बातों में निराला (सूर्यकान्त त्रिपाठी) से मिलते–जुलते है, यद्यपि इतने नहीं कि उन्हे अप्रकृतिस्थ कहा जा सके। निरालाजी आजकल कितने ही दिनों से अब अंग्रेजी में बात करते हैं। देवकोटाजी अपना एक बडा नाटक अंग्रेजी पद्यमे लिख रहे थे, जिसके कितने ही अंशो को उन्होने सुनाया। उनका अंग्रेजी पर अधिकार है। ... ... ...।"



Downloaded from http://dhamma.digital

५) १४ जनवरी ( १ माघ २००६ वि. सं. )— "शामको हमारे रहने के स्थान से थोडी दूर पर ( भेडासिंह ) साहित्यकारोंकी गोष्ठी हुई, जिसमे श्री बाबुराम आचार्य, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, बालचन्द्र शर्मा, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, केदारमान 'व्यथित' महानन्द सापकोटा, चित्तधर उपासक ('हृदय') आदि सभी महान् साहित्यकार उपस्थित थे। गोष्ठी तीन घण्टे तक रही। कवियों ने कविताएँ सुनाईं, समजी ने अपने नाटकका कुछ भाग नाटकीय ढंग से दोहराया। मैंने भी अन्त में कुछ कहा। गोष्ठी में मुझे मालुम ही नहीं हो रहा था कि मैं किसी पराई भाषाके साहित्यिकों मे बैठा हूँ। ... ... ...।"

६) २१ जनवरी— "माहिला गुरु ( राणाराजगुरु पं. हेमराज शर्मा— वि. सं. १६३५-२०१० ) हमारे यहाँ चले आए। यह कोई आश्चर्य की बात नहीं थी, उनका स्नेह ऐसा ही मेरे उपर था। पर उनका स्वास्थ्य अब बहुत खराब था, और चेहेरे पर बुढापेका बहुत असर भी था इसलिए मुझे यह अच्छा नहीं लगा। मैं उनके पास स्वयं जानेवाला था। वह कहने लगे— कोई बात नहीं, बहुत दुर नहीं था, मैं धीरे धीरे चला आया। फिर तीन घण्टे तक उनसे नेपालके इतिहास पर बातचीत होती रही। वह नेपालके विश्वकोष थे, इसलिए उनसे बात करनेमें बडा आनन्द आता था। ... ...।"



Downloaded from http://dhamma.digital

७) २५ जनवरी— "भोजनोपरान्त जनकलाल शर्मा जी के साथ मैं बौद्ध चला। काठमाण्डू और देवपाटन से अलग स्थानमे नेपालका यह सबसे बडा बौद्ध स्तूप है, जो आयुमे भी बहुत पुराना है। इसकी महिमा तिब्बत और मङ्गोलिया तक फैली हुई है। ... ... ... ।"

८) ३१ जनवरी— "नेपाल प्रवासका अन्तिम दिन था। उस दिन हम जनरल केशरशमशेर से १० बजे उनके महलमे मिलने गए। पहले भी मैं इस महलमे आ चुका था, और जनरल ने बडे स्नेह और सम्मानके साथ अपने पुस्तकालय को दिखलाया था। वह राजनीति और सैनिक विद्यामे विशेष रूचि रखते है। इन विषयोंपर सैकडों अंग्रेजी पुस्तकोंका इस पुस्तकालय में बहुत अच्छा संग्रह है। दूसरी रूचि उनकी प्राचीन हस्तलिखित ग्रन्थों के संग्रह की है। उनके पास सैकडों तालपोथियाँ है। ... ... ।"

स्मरणीय छ, सन् १९५३ मै राहुल साँकृत्यायनले मसूरीमा रही आधुनिक जगत्‌का ४ महान् व्यक्तिहरूको जीवनी पनि लेख्नुभएको थियो। वहाँहरू हुनुहुन्छ—

१) कार्ल मार्क्स (सन् १८१८–१८८३)।
२) लेनिन (सन् १८७०–१९२४)।
३) स्टालिन (सन् १८७९–१९५३)।
४) माओ–त्से–तुङ (सन् १८९३–१९७६)।



Downloaded from http://dhamma.digital

सन् १९५६ मा, मसूरी निवासकालको अन्तर्गत ४ महिनामा वहाँले "मध्यएशियाका इतिहास" नामक ग्रन्थ तयार गर्नुभएको थियो, जुन ग्रन्थ दुइ भागमा प्रकाशित भएको थियो। यस ग्रन्थको तर्फबाट राहुल सांकृत्यायनको ख्याति निकै बढ्न गएको थियो। यस ग्रन्थको अंग्रेजी-अनुवाद पनि भएको थियो। यस ग्रन्थको तर्फबाट राहुल सांकृत्यायनले "साहित्य एकेडेमी" पुरस्कार पाउनुभएको थियो, जुन पुरस्कार वहाँलाई तत्कालीन प्रधानमन्त्री पं. जवाहरलाल नेहरू (सन् १८८९-१९६४) ले प्रदान गरेको थियो।

चारपटकको तिब्बतयात्रा, यात्रामा कयौं ग्रन्थहरूको खोज एवं पत्तालगाउनु, कयौं ग्रन्थहरूको सम्पादन, तिब्बती साहित्यका विशिष्ट विद्वान् आदिबाट प्रभावित भई चीन गणतन्त्र सरकार-जसमा तिब्बत पनि समावेश भइसकेकोले राहुल सांकृत्यायनलाई निमन्त्रण पठाइयो जसअनुसार भारतका तत्कालीन राष्ट्रपति डा. राजेन्द्रप्रसाद (सन् १८८४-१९६३) को आदेशबाट राहदानी (Pass-port) प्राप्त गरी राहुल सांकृत्यायन १५ जून १९५८ का दिन कलकत्ताबाट वायुयानद्वारा पेकिङ्ग प्रस्थान गर्नुभएको थियो।

६५ वर्षको आयु, अनेकौं यात्रा, अत्यधिक साहित्यिक कार्यआदिबाट राहुल सांकृत्यायनको शरीर पहिलेको जस्तो रहेन। अतः वहाँ पेकिङ्गमा गम्भीररूपले बिरामी हुनुभयो।



Downloaded from http://dhamma.digital

चीनसरकारले उहाँको उचित स्वास्थ्योपचारको साथै भारतबाट पत्नी कमला एवं पुत्र र पुत्रीलाई निम्त्यायो जसअनुसार ५ बर्षकी पुत्री जया, ३ बर्षका पुत्र जेतालाई साथ लिई कमला साँकृत्यायन कलकत्ताबाट हवाईजहाजद्वारा पेकिङ्ग प्रस्थान गरिन्। पेकिङ्गमा राहुल साँकृत्यायन केही स्वस्थ हुनासाथै सपरिवार चीनका अनेकौं शहर एवं दर्शनीय स्थलहरू अवलोकन गर्न जानुभएको थियो। साढे चार महिनाको प्रवासपछि राहुल साँकृत्यायन सपरिवार भारत फर्कनुभयो। चीनबाट फर्केको केही दिनमै चीन सम्बन्धी वहाँले दुइवटा किताव पनि लेखनुभयो – "चीनमे क्या देखा" र "चीनमे कम्यून"।

राहुल साँकृत्यायनले चीन प्रस्थान गर्नुअगाडि नै आफ्नो मसूरीको बङ्गला बेच्नुभएको थियो र परिवारलाई अन्यत्र प्रबन्ध गरी चीन जानुभएको थियो। अब चीनबाट फर्कनासाथ वहाँलाई स्थायी बसोबासको प्रबन्धगर्नु अत्यावश्यक थियो। यसको निमित्त वहाँले एक प्रकाशकसित अग्रिम रूपियाका साथ कलकत्ताको एक मित्रसित ३ हजार रूपिया (त्यसताका) सापट लिई दार्जिलिङ्गको कचहरी रोडमा एउटा घर किन्नुभयो, जुन हालसम्म पनि "राहुल–निवास" को रूपमा अवस्थित छ।

दार्जिलिङ्गमा घर किनेको केही महिनापछि राहुल साँकृत्यायनलाई श्रीलङ्काको विद्यालङ्कार परिवेण, जुन परिवेण



Downloaded from http://dhamma.digital

१७ जून १९५९ का दिनदेखि विश्वविद्यालयको रूप लिएको थियो ले दर्शन विभागको अध्यक्ष अर्थात् दर्शन महाचार्य पदमा नियुक्त गरेको थियो। अतः त्यस कार्यभार संचालन राहुल साँकृत्यायन सन् १९५९ को सितम्बर महिनामा श्रीलङ्काको केलनियास्थित "विद्यालङ्कार विश्वविद्यालय" मा पुग्नुभयो।

त्यसबेलाको राहुल साँकृत्यायनको दिनचर्याको बारेमा विद्यालङ्कार विश्वविद्यालयका "हिन्दीविभागाध्यक्ष" हुनु भएका भदन्त आनन्द कौशल्यायन यसरी बताउनु हुन्छ—

"वहाँ वे (राहुल) अपने विद्यार्थीयों को संस्कृत मे व्याख्यान देते थे। सिंहल विभागके अध्यक्ष प्रज्ञाकीर्ति महास्थविर राहुलजी के अनुवादक बनकर बैठते। राहुलजी संस्कृतमे बोलते जाते और उनके अनुवादक पण्डित सिंहल भाषामे विद्यार्थीयों को समझाते जाते।

राहुलजीको व्याख्यानकी तैयारी करते कभी किसीने नहीं देखा। वे बैठे-बैठे अपनी पुस्तक लिखते रहते विश्वविद्यालयकी घण्टी बजती। वे उठकर चले जाते। लौटकर आते तो फिर कलम हाथमे ले लेते।"

भदन्त आनन्द कौशल्यायनले मात्र होइन, त्यस विश्वविद्यालयमा संस्कृतविभागाध्यक्ष हुनुभएका डा. शान्ति



Downloaded from http://dhamma.digital

भिक्षु शास्त्री पनि राहुल साँकृत्यायनको क्रियाशिलताको बारेमा उल्लेख गर्नुहुन्छ—

"उस वय ( उमेर ) मे भी राहुलजीकी कार्यक्षमता देखकर हमें आश्चर्य होता था। वह पंजीयक महोदयके साथ परिवेणका निरीक्षण करने जाते, भदन्त श्री प्रज्ञाकीर्तिको दुभाषिया बना कर दार्शनिक बिषयों पर व्याख्यान देते, सामाजिक उत्सवोंमे भागलेते तथा ग्रन्थलेखनके कार्य मे ब्यस्त रहते।"

राहुल साँकृत्यायनले विद्यालङ्कार विश्वविद्यालयमा पूरा २ बर्ष (सितम्बर १९५९ — अगस्त १९६१) दर्शन विभागको महाचार्यको कार्यभार संह्मालनुभएको थियो। यस अवधिभित्रमा दुइपटक श्रीलङ्काको अस्पतालमा रहनु परेतापनि वहाँले आफ्नो साहित्यिक (लेखन) कार्य छोड्नु भएको थिएन। वहाँले गर्मीको अवकाश (विदा) मा दुइपटक दार्जिलिङ्ग पुग्नुभएको थियो भने जाडोको समय दुइपटक कमला साँकृत्यायन जया र जेतालाई साथ लिई श्रीलङ्काको यात्रा गर्नुभएको थियो। यस दुइ वर्षको अवधिमा राहुल साँकृत्यायनले आधा दर्जन ग्रन्थहरू लेखनुभएको थियो। ती ग्रन्थहरू हुन्—

१) तिब्बती हिन्दी कोषः  २) पालिकाव्य–धारा
३) पालि साहित्यका इतिहास  ४) सिंहल के वीर
५) सिंहल धुमक्कड जयवर्धन  ६) कप्तान लाल



Downloaded from http://dhamma.digital

"घुमक्कड जयवर्धन" र "कप्तान लाल"– गर्मी मौसममा श्रीलङ्काबाट दार्जिलिङ्ग २ फटक निवास गर्न आएको यादगार स्वरूप हुन्।

सन् १९६१ को [illegible] महिनामा राहुल सांकृत्यायनले पत्निसमेत [illegible] श्रीलङ्काबाट बिदा लिई दार्जिलिङमा आइ दिन बिताउँदै थिए। यसको केही महिनापछि डिसम्बर महिनामा वहाँहरू सपरिवार कलकत्ता आउनुभएको थियो। विशेषतः यो आगमन कलकत्तामा आचार्य किशोरीदास वाजपेयीको अभिनन्दन समारोहको निमित्त थियो। धेरै मित्रहरूको विशेष आग्रहमा राहुल सांकृत्यायनको स्वास्थ्य पूर्णरूपमा ठीक नभएता पनि समारोहमा उपस्थित हुन आउनुभएको थियो।

नियमित रूपमा दैनन्दिनी (Dairy) लेख्ने राहुल सांकृत्यायनको आफ्नो दैनन्दिनीको अन्तिम दिन ८ डिसम्बर १९६१ को थियो। अन्तिम वाक्यहरू थिए—

"आज पाँच बजे सबेर घर से जा रहे है। दोपहर तक विमान के अड्डेपर। डायरी लिखना छोड रहा हूँ।"

८ डिसम्बरका दिन सपरिवार कलकत्ता पुग्नुभएका वहाँहरूले अभिनन्दन समारोहको पहिलो दिन (१० डिसम्बर १९६१) जसो–तसो गरी बिताए। दोस्रो दिन अर्थात् ११



Downloaded from http://dhamma.digital

डिसम्बर १९६१ का दिन समारोह स्थलमै राहुल साँकृत्यायनलाई "स्मृति लोप" को ठूलो आघात भयो। अब वहाँको दिमागले काम गर्न छोडिसक्यो। अब वहाँले न त कसैलाई चिन्नसक्थे, न केही लेख-पढ नै गर्न सक्ने भए। यसबेलादेखि वहाँको शेष जीवन "रोगको करुण कहानी" हुँदै गयो।

तैपनि राहुल साँकृत्यायनका निकटतम व्यक्तिहरू, मित्रहरू एवं वहाँको प्रशंसकहरूले वहाँलाई रोग मुक्त देख्न अनेकौं (हरतरहको) प्रयास गरे। कलकत्ता र दार्जिलिङ्गको अस्पतालमा निकै खर्चिलो तवरबार उपचार गरेतापनि नभएपछि "भारतीय कम्युनिष्ट पार्टी" को तर्फबाट राहुल साँकृत्यायनलाई उपचारार्थ मास्को (रूस) मा लैजाने पूरा प्रबन्ध मिलायो साथै देखभालको निमित्त कमला साँकृत्यायनलाई पनि।

१५ जुलाई १९६२ का दिन पति-पत्नी दुबै दार्जिलिङ्गबाट मास्कोको निमित्त प्रस्थान गर्नुभयो र ३१ अगस्तका दिन मास्को पुग्नुभयो, तर मास्को अस्पतालमा पनि ७ महिनासम्म चिकित्सा गरेता पनि पूर्ण स्वस्थ नभएपछि केही स्वस्थतापश्चात् १३ मार्च १९६३ का दिन राहुल साँकृत्यायन दम्पति दिल्ली फर्कनुभयो।

मास्को अस्पतालमा डाक्टरहरूले भनेको थियो कि कुनै समय यहाँ (राहुल) को टाउकोमा जोडले प्रहारभएको



Downloaded from http://dhamma.digital

हुन सक्छ। हो पनि, अमावरी सत्याग्रह (सन् १६३६) मा जमिन्दारका कुरवान नामक हाथीवानले जोडदार रूपमा वहाँको टाउकोमा प्रहार गरेको थियो। त्यसको असर वृद्धावस्थामा देखिन आयो।

दिल्लीबाट कमला साँकृत्यायन राहुलजीलाई साथ लिई २४ मार्च १६६३ का दिन आफ्नो घर दार्जिलिङ्गमा आइपुग्नुभयो।

६ अप्रिल १६६३ का दिन राहुल साँकृत्यायनको ७० औं जन्मदिवस थियो। यसको निमित्त वहाँका एक गुरुभाइ भदन्त महानाम महास्थविर (हाल आनन्दकुटी विहार स्वयम्भूस्थित) पनि दार्जिलिङ्ग आइपुग्नुभएको थियो। वहाँको आगमनको बारेमा राजवैद्य माताप्रसाद 'सागर' एवं रामाश्रया सबिता उल्लेख गर्नुहुन्छ—

"६ अप्रिल १६६३ को उनके गुरुभाई भदन्त महानाम स्थविर उन्हें कलकत्ते से मिलने आये। उन्हे देखकर राहुलजी बहुत प्रसन्न हुए और उन्हे तुरन्त पहचान भी गए। उनकी प्रसन्नता की यह स्थिति ८ अप्रिल तक बनी रही।"

६ अप्रिल १६६३ का दिन राहुलजीलाई बधाई एवं शुभकामना सन्देश दिन विहार प्रदेशका केही शिक्षकहरू आएका थिए। वहाँहरू सबै (भिक्षु महानाम एवं कमला



Downloaded from http://dhamma.digital



राहुल साँकृत्यायन (वृद्ध) - ७० औं जन्मोत्सवको बेला खिचिएको फोटो - ९ अप्रिल १९६३ ।
(बायाँबाट - भिक्षु महानाम संगै राहुल साँकृत्यायनकी धर्मपत्नी कमला साँकृत्यायन)

Downloaded from http://dhamma.digital

साँकृत्यायन पनि) राहुलजीका साथ रही स्मरण स्वरूप एक दुइवटा फोटो पनि लिइएको थियो।

अफशोच! त्यही दिनको रातको ६:३० बजे राहुलजी छटपटिनुभयो। तुरून्तै राजभवनको डाक्टरलाई फोन गरियो र डाक्टरले अन्य केही उपाय नरहेपछि निदाउने इन्जेक्शन दियो, छटपटाइ शान्त हुँदैगयो। रातको २. बजे राहुलजी मस्तसित निदाउनुभयो, तर त्यो निदाएको नभई बेहोशी (मूर्च्छा) थियो।

भोलिपल्ट (१० अप्रिल १९६३) बिहान राहुल साँकृत्यायनलाई एम्बुलेन्समा राखी स्थानीय एडन–अस्पताल लगियो जहाँ ४ दिनपछि बेहोशी अवस्थामै १४ अप्रिल १९६३ का दिन बिहान ११.४५ बजे महान् साहित्यकार राहुल साँकृत्यायनले आफ्नो ७० बर्षको जीवनयात्रा समाप्त गर्नुभयो।

१५ अप्रिल १९६३– सोमबारका दिन मध्याह्नको २. बजे वहाँको शवयात्रा राजकीय सम्मानका साथ प्रारम्भ भएको थियो। राहुल साँकृत्यायनको त्यस शवयात्रामा हजारौं गण्यमान्य नागरिकहरूको अतिरिक्त दार्जिलिङ्गको डिपुटी कमिश्नर, राज्यपालका सेक्रेटरी तथा ए. डी. सी., कलकत्ता हाईकोर्टका बैरिस्टर स्नेहांशु कान्त आचार्य तथा स्थानीय एस. डी. ओ. पनि स्मशानघाटसम्म जानुभएको थियो।



Downloaded from http://dhamma.digital

शव-यात्रा भिक्टोरिया पार्कमा पनि लगिएको थियो। शवमाथि पश्चिमी बङ्गालका तत्कालीन राज्यपाल कुमारी पद्मजा नायडूले फूलमाला चढाएकी थिइन्। पुलिसको बैण्डबाजाका साथ प्रारम्भ भएको त्यस शव-यात्राले सम्पूर्ण नगरको परिक्रमापछि मात्र स्मशान पुऱ्याएको थियो। राहुल साकृत्यायनको पुत्र जेता साँकृत्यायन, जो ८ बर्षको मात्र थियो ले आफ्नो पिताको चित्तामाथि आगो राखिसकेपछि चित्ता प्रज्वलित हुँदै गयो र केही घण्टापछि नै राहुल साँकृत्यायनको भौतिक शरीर यस संसारबाट बिलीन भयो।


राहुल साँकृत्यायनको दाह-संस्कार गरेको ठाउँ— "चिहानवारी" मा वहाँको एउटा अस्थिकलश राखी एक स्मारक ( चैत्य ) पनि निर्माण गरेको थियो, जसको मुनि एउटा सङ्गमरमरको पत्थरमा निम्नाङ्कित परिचय दिइराखेको छ—

महान् पर्यटक, पुरातत्त्ववेत्ता, बहुभाषिक,
त्रिपिटकाचार्य, साहित्यवाचस्पति

महापण्डित राहुल साँकृत्यायन



Downloaded from http://dhamma.digital



दार्जिलिङ्गमा महापण्डितको स्मारक

Downloaded from http://dhamma.digital

जन्म :— आजमगढ, ९ अप्रिल १८९३ ।
निर्वाण: — दार्जिलिङ्ग, १४ अप्रिल १९६३ ।
की पुण्यस्मृतिमे उनकी धर्मपत्नी कमला
साँकृत्यायन ने इस स्तूपका निर्माण कराया ।

## —सन्दर्भ—


१) नेपाले राहुल—
— भिक्षु सुदर्शन
— नेपाल भारत सांस्कृतिक केन्द्र
— कान्तिपुर — बु. सं. २५०९

२) राहुल साँकृत्यायन—
— भदन्त आनन्द कौशल्यायन
— पीपुल पब्लिशिङ्ग हाउस (प्रा.) लिमिटेड
रानी झाँसी रोड, नईदिल्ली–१९७९

३) मेरी जीवन यात्रा, भाग १,-२,-५,—
— राहुल साँकृत्यायन
१— आधुनिक पुस्तक भवन, कलकत्ता–१९५१
२— किताब महल, इलाहाबाद–१९५०
५— राजकमल प्रकाशन प्रा. लिमिटेड,
दिल्ली–१९६७




Downloaded from http://dhamma.digital

४) राहुल साँकृत्यायनका जीवन सङ्घर्ष—

— राजवैद्य मातांप्रसाद 'सागर'

— डा. रामाश्रया सविता

— कल्चरल पब्लिकर्स्स, लखनऊ-१९८५

५) बौद्ध विभूतियाँ—

— भिक्षु धर्मरक्षित


— मनोरञ्जन पुस्तकालय, बनारस-१९५४

---

महापण्डित राहुल साँकृत्यायनले लेख्नुभएको मौलिक, सम्पादित एवं अनुवादित ग्रन्थहरूको विवरण भिक्षु सुदर्शनद्वारा सम्पादित "नेपाले राहुल" मा छ।



Downloaded from http://dhamma.digital



भदन्त आनन्द कौशल्यायन
(सन् १९०५-८८)

Downloaded from http://dhamma.digital

# भदन्त आनन्द कौशल्यायन

नेपालमा स्थविरवाद बुद्ध–धर्म प्रचार–प्रसार गर्नमा विशेष योगदान दिनुभएका केही भारतीय भिक्षुहरूमा भदन्त आनन्द कौशल्यायन पनि एक प्रमुख हुनुहुन्छ ।

वहाँको जन्म ५ जनवरी १९०५ मा अम्बाला (हरियाणा प्रदेश, भारत) नजिकै एउटा गाउँमा भएको थियो। वहाँक बाल्यकालको नाम "हरिनामदास" थियो। वहाँले आफ्नो प्रारम्भिक शिक्षाका साथै मैट्रीकसम्मको शिक्षा अम्बालामै स्थित "हिन्दू मोहम्मदन हाईस्कूल" मा प्राप्त गर्नुभएको थियो ।

सन् १९१८ मा वहाँका पिताको मृत्युपछि हरिनामदासले आफ्नो अध्ययन जाहेरी राख्न अथक प्ररिश्रम गर्नुपरेको थियो ।

वहाँले मैट्रिक पास गरिसकेपछि लाहौरको "नेशनल कलेज" बाट वहाँ ग्रेजुएट बन्नुभयो। स्मरणीय छ, वहाँले आफ्नो कलेज–जीवनमा पनि अर्थव्यवस्थाको निमित्त छात्रवृत्ति, ट्यु शनदेखि लिएर लाहौरको सडक-सडकमा



Downloaded from http://dhamma.digital

गई कराई उर्दू अखबार बेच्ने कामसम्म पनि गर्नुपरेको थियो।

यस्तै समयमा सन् १९२१ तिर महात्मा गान्धीको असहयोग आन्दोलन शुरू भयो। त्यस असहयोग आन्दोलनमा गाउँ–गाउँमा गई व्याख्यान दिन जाने कार्य पनि हरिनामदासले गर्नुभएको थियो पछि वहाँलाई यस कार्यबाट वञ्चित गराई दिएको थियो— ५ वर्षसम्म।

कलेजमा, वहाँका सहपाठीहरूमा सरदार भगतसिंह, यशपाल जस्ता क्रान्तिकारी एवं उग्रविचारकहरू पनि थिए। अध्यापकहरूमा सुप्रसिद्ध इतिहासकार जयचन्द विद्यालङ्कार पनि थिए।

कलेजजीवनमा वहाँको शरीर धेरै नै दुब्लो र पातलो हुनुका साथै अस्वस्थ हुनाका कारणले वहाँले आफ्नो लागि अर्कै बाटो लिनुभयो जसमा वहाँको पिताको साधु स्वभावले पनि धेरै प्रभाव पारेको थियो।

हरिनामदासका पिता "हिन्दू मोहम्मदन हाईस्कूल" कै एक साधारण (सामान्य वेतन पाउने) मास्टर थिए तर थिए एक धर्मनिरपेक्ष व्यक्ति किनकि वहाँ सिक्खहरूको गुरुद्वारमा गुरुग्रन्थ साहेबको कथा सुन्न जान्थे त हिन्दूहरूको सत्सङ्गमा पनि रहन्थे। फेरि मुसलमानहरू पनि उनलाई लिएर मौलूदशरीफमा जान्थे।



Downloaded from http://dhamma.digital

आफ्ना पिताको बारेमा भदन्त आनन्द कौशल्यायनले 'ये दिन और वे दिन' लेखमा भन्नुहुन्छ— "कहावत है कि बेटेपर माताका संस्कार अधिक पडता है, लेकिन मुझे तो लगता है कि मैं जो कुछ हूँ उसमे मेरे पूज्य पिताजीका ही अंश अधिक है ।"

त्यसबेला भारतमा स्वामी सत्यदेव नामक एक परिब्राजक थिए, जो कांग्रेस पक्षका उग्र विचारक थिए । सन् १९२६ मा स्वामी सत्यदेव परिब्राजकका साथ हरिनामदास पनि बिहार प्रान्तको छपरा लगायत विभिन्न स्थानहरूमा व्याख्यानको निम्ति जानुभएका थिए ।

त्यसबेलासम्ममा हरिनामदास सत्यभक्त भई "ब्रह्मचारी विश्वनाथ" भइसकेको थियो । छपरामा स्वामीजीको व्याख्यानको समयमा 'भदन्त आनन्द कौशल्यायन' हुने ब्रह्मचारी विश्वनाथले 'राहुल साँकृत्यायन' हुने रामोदर साधुलाई दोस्रोपल्ट भेट्ने मौका पाएको थियो ।

वहाँहरूको पहिलो मिलन 'मेरठ' मा जनवरी १९२६ मा भएको थियो । त्यस पहिलो मिलनको स्मरण स्वरूप राहुल साँकृत्यायन भन्नुहुन्छ— "उस समय क्या पता था कि नदीनाव संयोगसे मेरठ में हुई वह मुलाकात आजीवनके सम्बन्धमे परिणत हो जायेगी ।"



Downloaded from http://dhamma.digital

साधु रामोदरदासलाई, कुशीनगरबाट १८ माइल पूर्वस्थित राजापुरका एक महन्तले आफूलाई एक योग्य उत्तराधिकारीको आवश्यकता भएको कारण, कहींबाट ल्याइदिन अनुरोध गरिराखेको थियो। यस कुरालाई हृदयङ्गम गरी रामोदरदासले ब्रह्मचारी विश्वनाथलाई साथ लिई राजापुर जानुभयो र महन्तलाई बुझाइदिनुभयो।

तर पठन पाठनको केही बन्दोबस्त नहुनुको साथै सांस्कृतिक, आध्यात्मिक उन्नति हुने केही साधन नभएको त्यस ठाउँमा विद्याप्रेमी ब्रह्मचारी विश्वनाथलाई दिन काट्न नै मुश्किल भयो। अतः वहाँ राजापुरमा मुश्किलले तीन महिनामात्र रहे। तीन महिनापश्चात् एक दिन एक व्याख्यानको सिलसिलामा रामोदरदास त्यहाँ आउनुभयो। ब्रह्मचारी विश्वनाथले त्यसबेला 'आफूलाई असन्तोष भएको कुरा बताए।

६ फरवरी १९२७ का दिन वहाँहरू दुवैजना महन्तकै हात्तीमाथि सवार भई बुद्धनिर्वाणस्थल कुशीनगरको दर्शन गर्न जानुभयो। कुशीनगरको शान्त वातावरण, परिनिर्वाण मूर्ति एवं प्राचीन अवशेष हेरिसकेपछि ब्रह्मचारी विश्वनाथको हृदयमा बुद्ध र बुद्धको धर्मप्रति विशेष अभिरुचि (जिज्ञासा) उत्पन्न भयो। रामोदरदासको त यस्तो स्थिति पहिले नै भइसकेको थियो किनकि वहाँको यो दोस्रो कुशीनगरको यात्रा थियो— विश्वनाथको पहिलो।



Downloaded from http://dhamma.digital

२ मार्च १९२७ का दिन ब्रह्मचारी विश्वनाथलाई लिएर रामोदर साधु 'एकमा' जानुभयो र त्यहीं साधु बन्ने सल्लाह दिनुभयो। सल्लाहअनुसार ब्रह्मचारी विश्वनाथले कपडाको रङ्ग बदलेर एउटा कमण्डलु पनि लिए। यसरी ब्रह्मचारी विश्वनाथ 'साधु विश्वनाथदास' बन्नुभयो।

त्यस बेलासम्ममा घुमक्कडको आचार्य त होइन अध्यापक भन्न लायक भइसकेका रामोदर साधुले बौद्ध तीर्थस्थलहरू र इतिहासका प्रमुख स्थानहरूको एउटा तालिका बनाइदिई भारत भ्रमण गर्ने आदेश साधु विश्वनाथदासलाई दिनुभएको थियो।

साधु विश्वनाथदासले पनि यात्रा शुभारम्भ गर्नुभयो— बोधगया, नालन्दा, राजगृह, वैशाली, कुशीनगर, लुम्बिनी, जेतवन, कौशाम्बी, सङ्काश्य, मथुरा, ग्वालियर, साँची, अजन्ता, इलौरा, पूना र बैङ्गलोर आदि ठाउँहरूमा घुमफिर गर्दै मद्रास पुग्नुभयो।

त्यसबेलासम्ममा संस्कृतभाषामा आफ्नो योग्यता भएको कारणले रामोदर साधु श्रीलङ्काको "विद्यालङ्कार परिवेण" मा संस्कृतका प्रोफेसर बन्न पुगिसकेका थिए। वहाँले नै मद्रासमा पुगिसकेका साधु विश्वनाथदासलाई पालीभाषा तथा बौद्धधर्म अध्ययनार्थ श्रीलङ्कामा निम्त्याए जस अनुसार विश्वनाथदास ५ जनवरी १९२८ का दिन श्रीलङ्कामा पुग्नुभयो।



Downloaded from http://dhamma.digital

भारतका यी दुई बुद्धधर्मका स्तम्भहरू श्रीलङ्काका "विद्यालङ्कार परिवेण" मा करीब-करीब एक वर्ष एक साथ रहनुभयो। वहाँहरू दिनको एकचोटी बेलुकातिर घण्टा-डेढ घण्टा घुम्ने गर्दथे। त्यसबेला वहाँहरूको मन र वाणी सदा मानसिक समस्या हल गर्ने तर्फ लाग्दथे जस्तो ईश्वर सम्बन्धी, आत्मा सम्बन्धी आदि।

वहाँहरू श्रीलङ्कामा एक साथ रहनुभएको बेलामै वर्तमान युगका एक अन्य बौद्ध विभूतिलाई पहिलोपल्ट दर्शन गर्न गएका थिए। वहाँ हुनुहुन्छ— "महाबोधि-सभा" का संस्थापक तथा भारतमा बुद्धधर्मका पुनरुद्धारक 'अनगारिक धर्मपाल'।

जुन दिन वहाँहरू अनगारिक धर्मपालको दर्शन गर्न गएका थिए त्यसको ठीक एक दिनपछि हरिनामदास (विश्वनाथप्रसाद) को प्रव्रज्याग्रहण गर्ने निधो भइसकेको थियो।

यसप्रकार रामोदर बाबा श्रीलङ्कामा रहनुभएको बेलामै विश्वनाथदास १० फरवरी १९२८ का दिन विद्यालङ्कार परिवेणका प्रिंसिपल लु. धम्मानन्द महास्थविर (सन् १८६९-१९४५) को हातबाट श्रामणेरदीक्षा लिनुभएको थियो। उपसम्पदा वर्षदिनपछि भयो।



Downloaded from http://dhamma.digital

बुद्धधर्मको नियमानुसार प्रव्रजित व्यक्तिको नाम पनि बदल्नुपर्ने आवश्यक हुनाले वहाँले नाम पनि रोजिराख्नुभएको थियो— "आनन्द"। तर पनि वहाँले उपेक्षाभावले गुरुवरले जुन नाम राख्नुहुनेछ, त्यही स्वीकार्ने पक्षमा थिए। वहाँको साथै रामोदर साधुलाई पनि आश्चर्य लाग्यो कि गुरुवर वहाँको नाम "आनन्द" नै राख्न चाहन्थे।

तर श्रीलङ्कामा एकै नामका धेरै भिक्षुहरू हुने हुनाले नामको साथै आफ्नो गाउँको पनि नाम राख्ने चलन रहेछ। जस्तो लुणुपोकुणे गाउँमा जन्मनुभएको कारण गुरुवरको नाम 'लुणुपोकुणे धम्मानन्द' हुन गयो।

तर भारतमा जन्मनुभएका विश्वनाथजीको गाउँको नाम श्रीलङ्कामा केही अर्थ नहुने हुनाले रामोदरदासको सल्लाह अनुसार वहाँले गाउँको नामको सट्टा गोत्रको रूपमा कोशलगोत्र बताई कौशलानन्द हुनुभयो। भारतमा त्यसबेलासम्म दयानन्द, रामानन्द र श्रद्धानन्द आदि आनन्दहरूले हाउसफूल भइसकेका हुनाले होला वहाँलाई कौशलानन्द चित्त बुझेन।

कौशलानन्दको सट्टा वहाँले कात्यायन, मौद्‌गल्यायनको ढङ्गबाट कौशल्यायन गर्नुभयो। नामको अगाडि आदरसूचक शब्दको रूपमा वहाँले "भदन्त" राख्नुभयो।

यसरी वहाँको नाम यति लामो हुनगयो— "भदन्त आनन्द कौशल्यायन"। [आनन्दभूमि–बर्ष–१६, अङ्क–४]



Downloaded from http://dhamma.digital

साधु विश्वनाथदास बुद्ध धर्मंमा दीक्षित हुनुभएपछि वहाँले साधु रामोदरसित पाली भाषाको अध्ययन शुरुगर्नुभयो।

साधु रामोदरले वहाँमाथि पाली भाषामा केही दक्षता प्राप्त भएको महशूस हुनासाथ पालीसाहित्यमा अवस्थित बुद्धशासनको इतिहासको रूपमा रहेको "महावंश" लाई हिन्दीमा अनुवाद गर्दै लैजाने सल्लाहदिनुभयो।

जुन सल्लाह र प्रेरणाबाट भदन्त आनन्द कौशल्यायनले सन् १९२८ मै "महावंश" को अनुवाद पूरागर्नुभएकोथियो जुन अनुवादलाई पछि साधु रामोदर (श्रद्धेय राहुल सांकृत्यायन) ले पुनः एक पटक दोहराइदिनुभएको थियो, साथै आफ्नो विस्तृत अध्ययनको परिणाम स्वरूप ठाउँ-ठाउँमा अनेक पाद-टिप्पणीहरू पनि जोडिदिनुभयो।

यसरी रामोदर स्वामी (विद्यालङ्कार विद्यालयमा संस्कृतका अध्यापक) को प्रेरणाबाट सर्वप्रथम भदन्त आनन्द कौशल्यायनले पालीग्रन्थलाई हिन्दीमा अनुवादगर्नुभएको थियो।

भदन्त आनन्द कौशल्यायन मूलतः राहुल सांकृत्यायन (रामोदर साधु) का शिष्य हुनुहुन्छ। वयस्कमा पनि वहाँ राहुलभन्दा १२ वर्ष कम उमेरका थिए, तैपनि वहाँको योग्यता, आत्मीयता र सहभागिताको कारण जीवनको



Downloaded from http://dhamma.digital

अन्तसम्म (राहुल निधन- १४ अप्रिल १९६३) एक आपसमा अग्रश्रावक सारिपुत्र-महामौद्‌गल्यायन अनुरूप घनिष्ठ थिए।

भदन्त आनन्द कौशल्यायनले पनि केही समयपछि देखिनै सिंहलभाषा र अंग्रेजीभाषामा आफ्नो दक्षता प्राप्त हुनाको कारण साधु रामोदर सरहनै श्रीलङ्कामा व्याख्यान (धर्मोपदेश) दिंदै जानुभएको थियो। अतः वहाँले पनि चाँडै नै प्रसिद्धि प्राप्तगर्नुभएको थियो जसको फलस्वरूप "ब्रिटिश बुद्धिष्ट मिशन" को तर्फबाट वहाँलाई लन्डनमा धर्म प्रचारार्थ नियुक्ति गऱ्यो जसको निमित्त वहाँले भिक्षु राहुल साँकृत्यायन (तिब्बतयात्रा सन् १९२९-३० पछि बौद्धदीक्षा लिनुभएको) लाई पनि साथ भइदिन आग्रह गर्नुभयो।

वहाँहरू दुबैले अनागारिक धर्मपाल (सन् १८६४-१९३३) पछिका ख्यातिप्राप्त बौद्ध विद्वान् सर डी. बी. जयतिलक (सन् १८६८-१९४४) को तर्फबाट पासपोर्ट लिइसकेपछि ५ जुलाई १९३२ का दिन लन्डनको निमित्त कोलम्बोको सामुद्रिक जहाजबाट प्रस्थान गर्नुभयो।

भिक्षु राहुल साँकृत्यायन यूरोपमा केही महिनामात्र रहनुभई श्रीलङ्का फर्कनुभएको थियो। धर्म प्रचार गर्ने अभिभारा भदन्त आनन्द कौशल्यायनको हुनाको कारण वहाँ यूरोपमा २ बर्ष रहनुभएको थियो। यस अवधिभित्र



Downloaded from http://dhamma.digital

एउटा बर्षावास (सन् १९३३ मा) वहाँले जर्मनको फ्रोनहाउ स्थित "बौद्धगृह" मा बिताउनुभएको थियो, जुन गृह जर्मनको निमित्त अनागारिक धर्मपाल हुनुभएका डा. पाँल ढाल्के (सन् १८६५–१९२८) ले बनाउनुभएको थियो।

भदन्त आनन्द कौशल्यायन सन् १९३४ को फरवरी महिनामा यूरोपबाट श्रीलङ्का फर्कनुभयो र ५ महिनापछि पुनः पेनाङ्ग (Penang) का भदन्त गुणरत्नको निमन्त्रणामा सन् १९३४ को बर्षावासको निमित १५ जुलाई १९३४ का दिन पेनाङ्गतिर प्रस्थान गर्नुभयो। पेनाङ्गबाट पुनः वहाँ बर्षावासपछि एक महिनाको निमित्त थाइलैण्डको यात्रागर्न जानुभयो। थाइलैण्डबाट रंगून हुँदै वहाँ सारनाथ आउनु भयो। सारनाथमा सन् १९३५–३६ मा दुई बर्ष रहनुभई "धर्मदूत" पत्रिकाको सम्पादन कार्य गर्नुभएको थियो।

सन् १९३७ को बर्षावासको निमित वहाँ पूर्वी बङ्गाल (बङ्गलादेश) स्थित 'चटगाउँ' जानुभएको थियो, जहाँ आजसम्म पनि परम्परागत रूपमा बौद्धधर्म प्रचार–प्रसार हुँदै आइरहेको छ।

बर्षावास समाप्तिपछि वहाँ प्रयाग (दारागंज) आउनुभयो र 'गङ्गा', 'विशालभारत', 'हंस', 'त्यागभूमि' तथा 'धर्मदूत' आदि मासिक पत्रिकाहरूमा प्रकाशित वहाँबाट



Downloaded from http://dhamma.digital

लेखिएका केही बौद्ध विभूतिहरूको जीवनी सम्पादन गरी "बुद्ध और उनके अनुचर" नामक पुस्तकको प्रकाशन गर्नुभएको थियो, जुन "छात्रहितकारी पुस्तकमाला, दारागंज" को तर्फबाट प्रकाशन भएको थियो।

महान् घुमक्कड हुनुभएका श्रद्धेय राहुल साँकृत्यायनका निकटतम व्यक्ति हुनुभएको कारण वहाँमा पनि बर्षैपिच्छे कहीं-न-कहीं घुम-फिर गरिनै रहने लालसा हुँदै गरेको थियो अतः सन् १९३७ मा वहाँ पनि राहुलका साथ "लाहुल" (कुल्लु) को यात्रा गर्नुभएको थियो।

सन् १९३९ मा भदन्त आनन्द कौशल्यायन सारनाथमा रहनुभई, सन् १९३५ देखि ("धर्मदूत"-पहिलो बर्षको दोस्रो अङ्क) सन् १९३९ सम्मको "धर्मदूत" पत्रिकामा प्रकाशित वहाँको १८ वटा पत्रहरू सङ्कलन गरी "भिक्षु के पत्र" नामक एक पुस्तक प्रकाशित गर्नुभएको थियो।

सन् १९४१ देखि राजर्षि पुरूषोतमदास टण्डनजीको आग्रहमा वहाँ सन् १९५१ सम्म राष्ट्रभाषा (हिन्दी) प्रचारसमितिको सदस्य एवं प्रधानमन्त्री रहनुभएको थियो। राष्ट्र-भाषा प्रचार-प्रसारको दौरानमा वहाँले भारतका विभिन्न प्रदेशहरूको भ्रमणगर्नुभएको थियो, जसको संस्मरणको रूपमा वहाँले "मेरी हिन्दी-यात्रा" को रूपमा "कहाँ क्या देखा" भन्ने पुस्तकमा लेख्नुभएको थियो।



Downloaded from http://dhamma.digital

यस अवधिभित्रमा वहाँ सत्यनारायण कुटीर–प्रयाग र रोहित कुटीर–वर्धामा रहनुभई कयौं साहित्यिक ग्रन्थहरू निर्माणगर्नुभएको थियो जसमा "जो न भूल सका", "जो लिखना पडा", "कहाँ क्या देखा" प्रमुख हुन् । साथै त्यस अवधिभित्र वहाँले अमेरिकाका सुप्रसिद्ध दार्शनिक लेखक रॉबर्ट ग्रीन इङ्गरसोल (सन् १८३३–१८९९) का दुइवटा ग्रन्थको पनि अनुवादगर्नुभएको थियो । ती हुन्— "स्वतन्त्र चिन्तन" र "धर्मके नामपर" ।

सन् १९५१ मा राष्ट्र भाषा प्रचार समितिबाट त्यागपत्र (राजीनामा) दिनुभई वहाँ कालिम्पोङ्ग जानुभयो, जहाँको "धर्मोदय विहार" मा कयौं बर्ष रहनुभएको थियो जसको कारण वहाँलाई "कालिम्पोङ्गका भिक्षु" भन्ने संज्ञा पनि दिइसकेको थियो । यस विहारमा रहनुभएको बेलामा पनि वहाँले अटूट रूपमा लेख्दै जानुभएको थियो । जस्मा "अग्रश्रावक सारिपुत्र–मौद्‌गल्यायन तथा साँची", "सच्च–सङ्गहो", "आजका जापान" आदि ग्रन्थहरू वहाँले कालिम्पोङ्गमा रहनुभएको बेलामै लेखन एवं प्रकाशनगर्नुभएको थियो ।

वहाँ कालिम्पोङ्गका भिक्षु हुनुभएको बेलामै, नेपालमा चतुर्थ विश्व बौद्ध सम्मेलन (वि. सं. २०१३ साल— सन् १९५६) सम्पन्न भएको थियो । त्यस सम्मेलनमा वहाँ पनि "धर्मानुशासक" को रूपमा उपस्थित हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

धर्मोदय विहार, कालिम्पोङ्गबाट वहाँ भारतका अन्य विभिन्न प्रान्तहरूमा घुमफिर गरी पुनः श्रीलङ्का प्रस्थान गर्नुभयो। विशेषतः वहाँको यस श्रीलङ्कागमन विद्यालङ्कार परिवेण "विद्यालङ्कार विश्वविद्यालय" को रूपमा समुद्घाटन हुने कार्यक्रमको निमित्त थियो जुन उद्घाटन भारतका तत्कालीन राष्ट्रपति डा. राजेन्द्रप्रसाद (सन् १८८४–१९६३) ले १७ जून १९५९ का दिन गर्नुभएको थियो।

परिवेण–विश्वविद्यालयमा परिणत भएपछि विभिन्न विभागहरूको निमित्त महाचार्यहरूको आवश्यकता भयो। ती विभागहरूमध्ये दर्शन विभागको निमित्त महापण्डित राहुल साँकृत्यायन, हिन्दीविभागको निमित्त भदन्त आनन्द कौशल्यायन र संस्कृतविभागको निमित्त भारतकै डा. शान्ति भिक्षु शास्त्रीलाई नियुक्त गरेको थियो।

महापण्डित राहुल साँकृत्यायन दर्शन–विभागको कार्यभार सह्माल्न सन् १९५९ को सितम्बर महिनामा केलनिया (विद्यालङ्कार विश्वविद्यालय) पुग्नुभयो। वहाँले दुई बर्षसम्म मात्र दर्शनविभागाध्यक्षको पद सह्माल्नुभयो किनकि वहाँ दुई बर्षको अवधिमा नै दुई–तीन पटक नै श्रीलङ्काको अस्पतालमा भर्नाहुनुपरेको थियो। त्यसबेला वहाँको उमेर ६८ बर्ष पुगिसकेको थियो। अतः वहाँले सन् १९६१ को अगस्त महिनामा अन्तिमबार श्रीलङ्काबाट बिदा लिई दार्जिलिङ्ग फर्कनुभयो।



Downloaded from http://dhamma.digital

भदन्त आनन्द कौशल्यायन सन् १९५९ देखि १९६८ सम्म हिन्दीविभागाध्यक्षपदमा रहनुभई सन् १९६८ मै नागपुरको दीक्षाभूमिमा धर्मप्रचार-प्रसार गर्ने लक्ष्य लिई फर्कनुभयो ।

सन् १९६८ देखि दीक्षा-भूमिको "भिक्षुनिवास" मा रहनुभई अनेकौं विचारोत्तेजक ग्रन्थहरूको निर्माण गर्दै जानुभएको थियो, जसमा प्रमुखतः "मनुस्मृति जलाई गई क्यों ?", "भगवद्गीता और धम्मपद", "वर्ण व्यवस्था या मरण व्यवस्था" "दर्शन ( वेद से मार्क्सतक )" प्रमुख हुन् ।

दीक्षा-भूमिमा पनि १२-१३ बर्ष बिताउनुभएपछि नव-दीक्षित बौद्धहरू सिर्फ राजनीतिमा लिप्त हुनु र दीक्षा-भूमिको कम्पाउण्डमा "चन्द्रमणि कुटीर" बनाउन खोज्दा घट्न गएको एउटा अप्रिय घटनाको कारण वहाँले बिना लोभ-लाभ दीक्षा-भूमिलाई पनि छोडी नागपुरमै कामठी रोडमा "बुद्ध-भूमि" नामक नयाँ विहार स्थापनागर्नु भएको थियो । त्यहीं "बौद्धप्रशिक्षण केन्द्र" पनि स्थापना गर्नुभयो ।

यही "बुद्ध-भूमि" मा ५ जनवरी १९८५ का दिन डा. भदन्त आनन्द कौशल्यायनको ८० औं जन्मोत्सव भव्यरूपमा मनाइएको थियो, जुन अवसरमा १४ औं दलाइ लामा पनि उपस्थित हुनुभएको थियो ।



Downloaded from http://dhamma.digital

यसै बर्ष (सन् १९८५) को अक्टोबर महिनामा वहाँले नेपालको अन्तिम पटक यात्रागर्नुभयो । यस अन्तिम पटकको यात्रामा यस पंक्तिका लेखकले वहाँको प्रथम दर्शन १० अक्टोबरका दिन बुद्ध विहार (भिक्षु सुमङ्गल कहाँ) मा गरेको थिएँ भने अन्तिम दर्शन १३ अक्टोबर १९८५ (२७ आश्विन २०४२) का दिन भक्तपुरको "बौद्ध समंकृत विहार" मा गर्न पाएँ ।

यस नेपाल यात्राको ३ बर्षपछि भारत एवं बौद्ध जगत्का महान् विभूति, महापण्डित राहुल साँकृत्यायनका बडा गुरुभाइ, बहुभाषाविद्, विद्यावाचस्पति (हिन्दी साहित्य सम्मेलनको तर्फबाट), पाली वाङमयका सम्पूर्ण जातक र अंगुत्तर निकायका हिन्दी अनुवादक डा. भदन्त आनन्द कौशल्यायन २४ जून १९८८ का दिन यस संसारबाट प्रस्थान गर्नुभयो ।



Downloaded from http://dhamma.digital

# भदन्त आनन्द कौशल्यायन
## का
# मौलिक एवं अनुदित ग्रन्थहरू

१) जातक— ६ खण्डमा (पालीबाट–हिन्दीमा)
२) अंगुत्तर निकाय— ४ खण्डमा (पालीबाट–हिन्दीमा)
३) महावंश (पालीबाट–हिन्दीमा)
४) सच्चसङ्गहो (जर्मन भिक्षु ञाणातिलकको ग्रन्थ (पालीबाट–हिन्दीमा)
५) अभिधम्मत्थ सङ्गहो पालीबाट–हिन्दीमा)
६) धम्मपद (पालीबाट–हिन्दीमा)
७) भगवान बुद्ध और उनकाधर्म (डा. अम्बेडकरको ग्रन्थ अंग्रेजीबाट–हिन्दीमा)
८) जातिभेदका उच्छेद (डा. अम्बेडकरको ग्रन्थ अंग्रेजीबाट–हिन्दीमा)
९) अछूत कौंन और कैसे ? (डा. अम्बेडकरको ग्रन्थ अंग्रेजीबाट–हिन्दीमा)
१०) पाली–हिन्दी शब्दकोष
११) तथागत



Downloaded from http://dhamma.digital

१२) जो न भूल सका
१३) कहाँ क्या देखा
१४) जो लिखना पडा
१५) बाबासाहेव
१६) राहुल साँकृत्यायन
१७) संयोजन अथवा दश–भव–बन्धन
१८) बौद्ध जीवनपद्धति
१९) भिक्षु के पत्र
२०) दर्शन (वेद से मार्क्सतक)
२१) बुद्ध और उनके अनुचर
२२) यह छूतछात
२३) छुआछुतकी माया
२४) स्वतन्त्र चिन्तन (अंग्रेजीबाट–हिन्दीमा)
२५) धर्मके नाम पर (अंग्रेजीबाट–हिन्दीमा)
२६) बुद्ध–शतकम (पं. रामचन्द्र भारतीको ग्रन्थ संस्कृतबाट–हिन्दीमा)
२७) बौद्ध धर्म एक बुद्धिवादी अध्ययन
२८) श्रीलङ्का
२९) मनुस्मृति जलाई गई क्यों ?
३०) हिन्दू–समाज किधर ?
३१) अग्नि परिक्षा किसकी ?
३२) रामकहानी रामकी जवानी



Downloaded from http://dhamma.digital

३३) भगवद्‌गीताकी बुद्धिवादी समीक्षा
३४) बहाने बाजी
३५) तुलसी के तीन पात
३६) देशकी मिट्टी बुलाती है
३७) राम चरित्र मानस मे ब्राह्मणशाही तथा निन्दा
३८) भगवान बुद्ध
३९) यदि बाबा न होते
४०) रेलका टिकट
४१) क्रान्ति के अग्रदूत भगवान बुद्ध
४२) रामायण
४३) आगम शास्त्र अथवा बुद्धोत्तर-वेदान्त
४४) अग्रश्रावक सारिपुत्र-मोद्‌गल्यायन तथा सांची
४५) बौद्ध धर्म की महान देन अनात्मवाद
४६) बुद्धगुणानुस्मरण (सिंहलीबाट-हिन्दमा)
४७) मोगल्लान व्याकरण
४८) तथागतका शाश्वत सन्देश
४९) वर्ण व्यवस्था या मरण व्यवस्था
५०) भगवद्‌गीता और धम्मपद
५१) भगवान बुद्धका धर्म
५२) आजका जापान
५३) संक्षिप्त-बुद्ध-चर्य्या (पाल [illegible]-हिन्दीमा)



Downloaded from http://dhamma.digital

## -सन्दर्भ-

१) जो न भूल सका—

— भदन्त आनन्द कौशल्यायन
— हिन्दुस्तानी पब्लिकेशन्स
शाहगंज, इलाहाबाद— सन् १९४८

२) कहाँ क्या देखा—

— भदन्त आनन्द कौशल्यायन
— अग्रवाल प्रेस, प्रयाग।

३) जो लिखना पड़ा—

— भदन्त आनन्द कौशल्यायन
— साहित्य निकुञ्ज प्रकाशन।

४) जिनका मैं कृतज्ञ

— राहुल साँकृत्यायन
— किताब महल, इलाहाबाद—१९५७



Downloaded from http://dhamma.digital

५) स्मरणिका—


— पू. डा. भदन्त आनन्द कौशल्यायन एवम् परम पावन दलाइ लामा सत्कार समिति, बुद्ध-भूमि खैरी रोड, नागपुर — ५ जनवरी १९८५।

६) बौद्ध विभूतियाँ—

— भिक्षु धर्मरक्षित
— मनोरञ्जन पुस्तकालय, बनारस-१९५४



Downloaded from http://dhamma.digital



भिक्षु जगदीश काश्यप
(सन् १९०८-७६)

Downloaded from http://dhamma.digital

# भिक्षु जगदीश काश्यप

नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार गर्न विशेष योगदान दिनुभएका ४/५ जना भारतीय भिक्षुहरू मध्ये भिक्षु जगदीश काश्यप पनि एक प्रमुख हुनुहुन्छ ।

वहाँको जन्म श्री श्यामनारायण र श्रीमती अम्बिका-देवीको तर्फबाट सन् १९०८ मा राँचीं (विहार प्रदेश, भारत) नगरमा भएको थियो । आमा-बाबुको तर्फबाट वहाँले आफ्नो नाम जगदीशनारायण पाउनुभएको थियो ।

वहाँले मैट्रिकसम्मको शिक्षा राँचीमा नै प्राप्त गर्नुभएको थियो । त्यसपछि वहाँ पटना जानुभयो र पटनाबाट बी. ए. उत्तीर्ण भएपछि वहाँ एम. ए. को निमित्त काशी हिन्दू विश्वविद्यालयमा जानुभयो, जहाँबाट सन् १९३१ मा दर्शन-शास्त्रमा एम. ए. गर्नुभयो ।

राहुल साँकृत्यायनलाई जस्तै भिक्षु जगदीश काश्यपलाई पनि सानै उमेरदेखि आफ्ना बाजेको प्रभाव परेको थियो । वहाँका बाजे अयोध्याप्रसाद त्यसबेला नै यूरोप र अमेरिका



Downloaded from http://dhamma.digital

भ्रमण गरेर ग्राइसक्नुभएका व्यक्ति थिए जसको कारण सन् १८७६ देखि स्वामी दयानन्द सरस्वतीको तर्फबाट प्रचार–प्रसार हुँदै आएको "आर्यसमाजी" विचारधारामा सहजै आकर्षित भएका थिए। बाजेको छत्रछायाँमा परेका हुनाले जगदीशनारायणले पनि आजन्म अविवाहित भई आर्यसमाजी विचार–धारालाई प्रचार–प्रसार गर्ने प्रण लिनुभएको थियो।

त्यसबेला जो कोही पनि अलि पढे–लेखेका शिक्षित (प्रगतिशील) व्यक्तिहरू आर्यसमाजी विचार–धारामा लागेका हुन्थे किनकि आर्यसमाजले अनेकेश्वरवाद, अवतारवाद, छुवाछूत, (जातिवाद) आदि अनेकौं हिन्दूधर्मका रूढीवाद, अन्धविश्वासको विरुद्ध सुधारको आन्दोलन गरेका थिए यद्यपि स्वामी दयानन्द वेद (ग्रन्थप्रमाण), ईश्वर, आत्माका, महान् पुजारी थिए।

सन् १९३१ मा दर्शनशास्त्रमा एम. ए. उत्तीर्ण भएपछि जगदीशनारायण 'आर्यसमाज' प्रचारार्थ वैद्यनाथधामको गुरुकुलमा जानुभयो। त्यहाँ आर्यसमाजका साथै हिन्दूधर्म र दर्शनको शिक्षा दिन एउटा अन्य गुरुकुल तयार गर्नुभयो। जहाँ बिना जातीय भेदभाव सबैको निम्ति त्यो गुरुकुल खोलिएको थियो। यहाँसम्म कि त्यहाँ शिक्षित मानिएका व्यक्तिहरूलाई "पण्डित" भनी एक आपसमा सम्बोधन



Downloaded from http://dhamma.digital

गर्ने गर्दथे । यस गुरुकुलका प्रधानाध्यापक जगदीशनारायण नै हुनुभएको थियो। त्यहाँ दुई बर्ष (सन् १९३२-३३) को अध्यापनकार्यका साथसाथै वहाँ त्यही गुरुकुलमा रही संस्कृतमा पनि एम. ए. उत्तीर्ण हुनुभयो ।

एक दिनको कुरा हो, त्यस गुरुकुलमा एक विशिष्ट ब्राह्मणले अगाडि आइरहेको एउटा कुकुरलाई सम्बोधन गर्दै भनिदियो— "आउनुस् ! पण्डित कुकुरजी आउनुस् !!

यो लवज त्यस ब्राह्मण पण्डितले जगदीशनारायणलाई लक्ष्य गरी वहाँ (प्रधानाध्यापक) कै अगाडि भनेको थियो। भेद स्पष्ट भयो कि समानताको निमित (आधारमा) प्रयोग गर्न लगाएको "पण्डित" शब्द, त्यस ब्राह्मणको निमित्त चित्त बुझेन ।

अतः त्यस लवजले जगदीशनारायणको कोमल हृदयमा गहिरो चोट पर्‍यो र निश्चय गर्नुभयो कि आर्यसमाजबाट पनि पूर्ण रूपमा ब्राह्मणहरूको जातीय अहङ्कार नष्ट हुनु असम्भव छ, यसको पूर्ण चिकित्सा बुद्धको शिक्षाले मात्र सम्भव छ, जुन महापुरुषले घोषणा गर्नुभएको थियो—

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।
कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ।।

अर्थ— जन्मले न कोही चण्डाल (शूद्र) हुन्छ न कोही ब्राह्मण।
कर्म (कार्य) ले नै चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण।



Downloaded from http://dhamma.digital

बुद्धको यस लवजलाई जगदीशनारायणले काशी–हिन्दू विश्वविद्यालयमा पढिरहेको बेला अध्ययन गरिसकेको थियो। साथै, बुद्धको शिक्षाको भण्डार श्रीलङ्काको विषयमा पनि केही थाहा पाइसकेको थियो। त्यसैको आधारमा जगदीशनारायणले संस्कृतबाट एक पत्र विद्यालङ्कार परिवेण (सन् १९५९ मा विश्वविद्यालय भएको) का प्रधानाचार्यलाई लेख्नुभयो जसमा वहाँले पालीभाषा र बुद्ध–धर्म अध्ययन गर्ने तीव्र इच्छा भएको कुरा जाहेर गरेका थिए।

त्यसबेला श्रीलङ्कामा भारतका दुईजना सुपुत्रहरू पालीभाषा र बुद्ध–धर्मको शिक्षा पूर्ण–रूपमा प्राप्त गरिसकेपछि धर्मको प्रचार–प्रसार गर्ने क्रममा बेलायत (इङ्गलैण्ड) जाने तरखरमा थिए। वहाँहरू हुनुहुन्छ— भदन्त आनन्द कौशल्यायन र भदन्त राहुल साँकृत्यायन।

जगदीशनारायणको पत्र प्रधानाचार्य लु. धम्मानन्द महास्थविरले पाउनुभएपछि त्यो पत्र पढ्न आनन्द कौशल्यायनलाई पनि दिनुभएको थियो। गुरुको आदेशमा जवाफ पनि आनन्द कौशल्यायनले नै लेख्नुभयो; जसमा वहाँहरू दुबैजना लण्डन जान लागेका र त्यहींबाटै पत्र व्यवहार गर्ने पनि कुरा उल्लेख गरिएको थियो।

तर त्यो पत्र जगदीशनारायनले पाउनुभएन। केही महिनापछि वहाँको नाममा एक पत्र जर्मनबाट आयो जुन पत्र



Downloaded from http://dhamma.digital

भिक्षु राहुल साँकृत्यायनले पठाएको थियो। पत्रमा उल्लेख गरिएको थियो— "केही हप्ता पश्चात् म भारत फर्कदैछु, अमुक मितिसम्ममा पटनामा श्री काशीप्रसाद जायसवाल (सन् १८८०–१९३७) को बङ्गलामा भेटन आउनू।"

केही महिनापछि भिक्षु राहुल साँकृत्यायन यूरोप भ्रमण पूरा गरी श्रीलङ्का फर्कनुभयो र त्यहाँ केही दिनमात्र रही भारत आउनुभयो। भारतका विभिन्न ठाउँमा घुमफिर गरी वहाँ पटना पुग्नुभयो। पटनामा वहाँ पुरातत्त्वज्ञ एवं इतिहासकार काशीप्रसाद जायसवालको विशेष अतिथिको रूपमा रहनुभयो। वहाँ जगदीशनारायण पहिलो पटक २४ अप्रिल १९३३ का दिन भिक्षु राहुल साँकृत्यायनसित भेट्न जानुभएको थियो। त्यस दिनको यादगार स्वरूप भिक्षु जगदीश काश्यप भन्नुहुन्छ—

"उसदिन जब जायसवालजीके बङ्गलेपर पहूँचा तो ऐसा लगा कि यह किसी बैरिस्टर का घर नहीं, अपितु प्राचीन मूर्तियों, शिलालेखों, पुराने सिक्कों, आदिका अच्छा सा संग्रहालय है। शीत–ऋतु में प्रातः काल बाहर बगीचे में गौरपूर्ण, तेजपूर्ण काषायधारी (चीवरवस्त्र लगाएका) एक व्यक्ति शीशे मे आँख गडाकर एक पुराने सिक्के के अध्ययन में डुबा था। पास में ही जायसवालजी बैठे थे। उसी सिक्के के विषयमें छानबीन कर कुछ नोट करते जाते थे। मैं बहुत देरतक यही देखता रहा।



Downloaded from http://dhamma.digital

अवसर पाकर निकट आया और उनके सामने जर्मनी से आया हुआ पत्र प्रस्तुत किया। मुझे निश्चय हो गया था कि यही राहुलजी हैं। अतः विनीत भाव से चरण स्पर्श कर प्रणाम किया। मालूम होता है कि उन्होंने मेरे आने के विषयमें जायसवालजीको सूचित कर दिया था। दोनों ने बड़े प्रेम से मेरा स्वागत किया।"

मिलनको पहिलो दिन देखि नै जगदीशनारायणले भिक्षु राहुल सांकृत्यायनसित बुद्ध–धर्मका धेरै कुराहरू थाहा पाउनुभयो। वहाँको प्रोत्साहनमा जगदीशनारायणले गुरुकुलमै एकजना भिक्षुलाई निमन्त्रण गरी पाली भाषाको अध्ययन शुरू गर्नुभएको थियो तर पूर्णरूपमा सन्तोष थिएन। अतः वहाँले विशेष गरी श्रद्धा र भक्तिभावनाले सम्पन्न हुनुभएकी वहाँकी आमा श्रीमती अम्बिकादेवीसित सहर्ष स्वीकृति लिई जगदीशनारायण सन् १९३४ को शुरूमा श्रीलङ्का पुग्नुभयो।

श्रीलङ्का पुगेको केही महिनापछि नै जगदीशनारायणले विद्यालङ्कार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द महास्थविरको तर्फबाट श्रामणेर एवं उपसम्पदा पनि प्राप्त गर्नुभयो। यसको निमित्त पनि आमाले स्वीकृति दिनुभएको कारण आमाको कृतज्ञतार्थ "मिलिन्द–प्रश्न" को हिन्दी अनुवादमा वहाँले यसरी समर्पण शब्द लेख्नुभएको थियो—



Downloaded from http://dhamma.digital

"बचपन से ही ज्ञान वैराग्य की बातें कहकर जिसने मेरे जीवनको संन्यास–मार्ग की ओर झुकाया, उस स्वर्गीय धर्मशीला माँकी पुण्य–स्मृतिमें।"

उपसम्पदापछि वहाँको नाम "भिक्षु जगदीश काश्यप" रहन गयो। भिक्षु जगदीश काश्यपको श्रीलङ्कामा पहिलो निवासकाल केवल ६ महिनाको थियो। त्यतिको अवधिमा नै दर्शनशास्त्र र संस्कृत साहित्यका विद्वान् हुनुभएका वहाँलाई बुद्ध–धर्म र पालीभाषाको ज्ञान हासिल गर्न विना कठिनाइका साथ सफल हुनुभएको थियो।

भिक्षु राहुल साँकृत्यायनले सन् १९३५ को अप्रिल महिना (गर्मी) मा जापान जाने प्रोग्राम बनाउनुभएको थियो, जसमा साथ दिन भिक्षु जगदीश काश्यप पनि श्रीलङ्काबाट भारत आउनुभएको थियो तर वहाँले पेनाङ्ग (Penang) सम्म मात्र जान पाइयो, कारण वहाँकै शब्दमा—

"जब जहाज पेनाङ्ग पहूँचा, तो अंग्रेज पुलिस आकर मुझ से पूछताछ करने लगी। भारतबर्ष से उसके पास तार गया था कि भिक्षु जगदीश काश्यपको आगे जाने की अनुमति न दी जाय। गान्धीजीका झण्डा उडाया था, उसीका यह प्रसाद था।"



Downloaded from http://dhamma.digital

पेनाङ्गमा वहाँले केही राजनैतिक भाषणहरू विनाको कारण तुरुन्तै श्रीलङ्का फर्कनुपरेको थियो। श्रीलङ्कामा वहाँ 'सलगल' नामक स्थानमा एक वर्ष भिक्षाटन र मैत्रीभावनाको अभ्यास गरिसकेपछि सन् १९३६ मा "मूलगन्धकुटी विहार" को पाँचौं वार्षिकोत्सवको समयमा भारत आउनु भयो।

भिक्षु जगदीश काश्यप श्रीलङ्काबाट फर्कनुभई सबभन्दा पहिले आफ्नो कार्यक्षेत्र सारनाथमा गर्नुभयो। वहाँले साधारण मिडिल स्कूल भइराखेकोलाई हाई स्कूल बनाई सारनाथवासी-हरूलाई उपकार गर्नुभयो। साथै विभिन्न भवन तथा धर्मशालाहरूमा अध्ययन गराउने गरिराखेको लाई एउटा छुट्टै स्कूलभवन पनि तयार गराउनु भयो।

यसको निमित्त साथै "महाबोधि कलेज" स्थापना गर्नको निमित्त पनि वहाँले विशेष गरी बर्माबाट सहयोग प्राप्त गर्नुभएको थियो। वहाँले हरतरहले सारनाथस्थित हाई स्कूल र महाबोधि कलेजलाई साधन सम्पन्न गराउनुभएको थियो। सन् १९३८–३९ तिर जब कि बर्मामा हिन्दू–मुस्लिम दङ्गा भइरहेको थियो, त्यसैताका पनि भिक्षु जगदीश काश्यपले बर्मायात्रा गर्नुभई हिन्दू–बौद्ध एकताको प्रचार गरी हिन्दूहरू-लाई प्रोत्साहन दिएका थिए। यसको साथै सारनाथमा शिक्षा प्रचार–प्रसारका निमित्त चन्दासङ्कलन पनि गर्नुभएको थियो,



Downloaded from http://dhamma.digital

जसमा बर्मी उपासकोपासिका ( दायक–दायिका ) हरू देखि लिएर प्रधानमन्त्रीको तर्फबाट समेत चन्दा प्राप्तगर्नुभएको थियो।

सन् १९३७ को अप्रिल महिनामा भिक्षु जगदीश काश्यप आफ्ना जेष्ठ गुरुभाइ द्वय ( राहुल साँकृत्यायन र आनन्द कौशल्यायन ) सित पाली–साहित्यको अनुवाद कार्य एक साथ गर्दैरहेको समयको यादगार एवं एउटा विशेष कुरा भएको बारे बताउनुहुन्छ—

"प्रयाग के वे दिन बडे मधुर थे जब मित्र डाक्टर उदयनारायण तिवारीके घर राहुलजी, आनन्दजी और मैं तीनों भाई एक साथ रह काम में जुटे रहते थे। एक दिन आपसमें बात चली कि हम लोगों के अपने–अपने कार्यक्षेत्र क्या होंगे ? कुछ विनोदमें और कुछ सच्चीरूचि की अभिव्यक्ति में आपसमे बंटवारा इस प्रकार हुआः राहुलजीने कहा—मैं तो अधिक से अधिक किताबें लिखूंगा, यही मेरा मुख्य क्षेत्र होगा। आनन्दजी ने कहा— मैं तो घुम–घुम कर लेक्चर दूंगा, छोटे–छोटे लेख लिखूंगा। अपनी कोई योजना नहीं बनाउंगा, जो दूसरे करते रहेंगे उसमे यथारूचि और यथावकाश हाथ बंटा दूंगा। मैंने कहा— मैं संस्थाएँ बनाउंगा, महन्तकी तरह जम कर बैठूंगा और मुख्य रूप से अध्ययनका काम करुंगा।"



Downloaded from http://dhamma.digital

सोच्दा नै वहाँहरूको पूरा जीवनी अवलोकन गर्दाखेरि त्यसबेला वहाँहरूले गरेको कार्य निर्णय (अभिव्यक्ति) एकदम सही रूपमा हुन आएको कुरा स्पष्ट हुन आउंछ ।

सन् १९३७ देखि १९४० सम्म भिक्षु जगदीश काश्यपले सारनाथमा रही शिक्षाको साथै स्वास्थ्य आदिमा पनि उद्धार गर्नुभएको थियो । यस अवधिभित्रमा ४ डिसम्बर १९३७ का दिन राती (१. बजे) सारनाथको महाबोधि अस्पतालमा सुतिरहनुभएको बेला वहाँकै बिछ्यौनामा एक अज्ञात व्यक्तिले बलिरहेको एउटा ठूलो कपडाको टुक्रा फ्याँकेर भागेको थियो । कोठाभरि आगो र धुवाँ बढ्दै गएको कारण वहाँलाई गर्मी महसुस हुनासाथ उठ्नुभयो, तबसम्ममा आगोले वहाँको चीवरमा पनि छोइसकेको थियो । जसोतसो गरी वहाँ अगाडिको धर्मशालामा सुतिराखेका आफ्ना एक सहयोगीलाई उठाउनु भई मुश्किलले मात्र आगो निभाउन सकेको थियो । सारनाथमा भिक्षु जगदीश काश्यपले हिन्दू–धर्मको तर्फबाट अछूत मानिएका शूद्रहरूलाई विशेष रूपले उद्धार कार्य गर्नुको कारण यो परिणाम हुन गएको थियो ।

भिक्षु जगदीश काश्यप सारनाथको विद्यालयमा प्रधानाध्यापक हुनुभएको बेलामै सुप्रसिद्ध सेठ युगलकिशोर बिडलासित सम्पर्क भएको थियो । सन् १९४० मा भिक्षु जगदीश काश्यप काशी–हिन्दू–विश्वविद्यालयमा पाली



Downloaded from http://dhamma.digital

अध्यापकको रूपमा नियुक्त हुनुभयो र त्यसबेलादेखि सन् १९५० सम्म बडेर योग्यतापूर्वक वहाँले पालीभाषा एवं साहित्य अध्यापन गर्नुभएको थियो। काशी–हिन्दू–विश्वविद्यालयमा वहाँलाई रहनको निमित्त सेठ युगलकिशोर बिडलाले एउटा "बुद्धकुटी" पनि बनाइदिनुभएको थियो।

सन् १९५१ मा नालन्दामा विहार सरकारको तर्फबाट "पालीप्रतिष्ठान" नामक एक संस्थाको स्थापना गरेको थियो, जुन प्रतिष्ठानको लागि एउटा निर्देशकको आवश्यकता थियो। यसको निमित विहार सरकारले नै वहाँलाई चुनेको थियो अतः भिक्षु जगदीश काश्यप काशीहिन्दूविश्वविद्यालयमा पाली अध्यापनको कार्य छोडि आफ्नै प्राचीन नालन्दा विश्वविद्यालयको स्मरण गर्नुभई नालन्दा आउनु भयो।

नालन्दा पाली–प्रतिष्ठान (नव नालन्दा महाविहार) मा केही बर्षसम्म अध्ययन अध्यापन कार्य गर्नु भएपछि वहाँले निर्देशक पद छोडी प्रतिष्ठानको दोस्रो लक्ष्य अनुरूप पालीभाषाको ग्रन्थ (त्रिपिटक) देवनागरी लिपिमा सम्पादन गर्ने कार्यमा प्रमुख भूमिका (प्रधान सम्पादक) निभाउनु भएको थियो।

त्रिपिटक लगायत अन्य पालीग्रन्थहरूको प्रकाशनको निमित्त भिक्षु जगदीश काश्यपले विहार सरकारको साथै केन्द्रीय सरकारको तर्फबाट पनि लाखौं रूपियाँ आर्थिक



Downloaded from http://dhamma.digital

सहयोग प्राप्त गरी सुपथ-मूल्यमा पाली त्रिपिटक ग्रन्थ उपलब्ध गराइदिनु भएको थियो।

वहाँको अन्य इच्छा थियो— पालीअट्ठकथा पनि पूर्ण रूपमा देवनागरीलिपिमा प्रकाशन गर्नु र पालीत्रिपिटक पनि पूर्ण रूपमा हिन्दी अनुवाद गर्नु तर वहाँको यस इच्छा पूर्ण गर्न शरीरले साथ दिएन, जति कम खाए पनि मोटाउँदै जानाको कारण वहाँ कहीँ पनि आवतजावत गर्न असमर्थ हुनुभयो।

आफ्नो जीवनको अन्तिम समय वहाँले राजगृहको "बुद्ध-विहार" मा बिताउनुभयो। त्यहीं २७ जनवरी १९७६ का दिन भारतका ३ जना सुविख्यात भिक्षुहरू (भिक्खुत्रयी) मध्ये कनिष्ठ हुनुभएका भिक्षु जगदीश काश्यपले आफ्नो ६८ वर्षको जीवन-यात्रा समाप्त गर्नुभयो।



Downloaded from http://dhamma.digital

# भिक्षु जगदीश काश्यप

## का

## मौलिक एवं अनुदित ग्रन्थहरू

१) दीघ निकाय— (पालीबाट-हिन्दी)
(भिक्षु राहुल साँकृत्यायनका साथ)

२) संयुक्त निकाय— (पालीबाट-हिन्दी)
(भिक्षु धर्मरक्षितका साथ)

३) मिलिन्द-प्रश्न— (पालीबाट-हिन्दी)

४) उदान— (पालीबाट-हिन्दी)

५) पाली-महाव्याकरण— मौलिक

६) पाश्चात्य तर्कशास्त्र (दुई खण्डमा)— मौलिक

७) अभिधम्म फिलोसफी (अंग्रेजी)— मौलिक

८) बुद्धिज्म फर एव्रीबडी (अंग्रेजी)— मौलिक



Dhamma.Digital
Downloaded from http://dhamma.digital

## -सन्दर्भ-

१) बौद्ध विभूतियाँ

— भिक्षु धर्मरक्षित

—मनोरञ्जन पुस्तकालय; बनारस–१९५४

२) भिक्षु जगदीश काश्यप

— भिक्षु सुदर्शन

— 'आनन्द-भूमि'; वर्ष-६, अङ्क-५,६

३) राहुलजी ! मेरे गुरुभाई

— भिक्षु जगदीश काश्यप

— राहुल स्मृति ग्रन्थ

— पीपुल्स पब्लिशिङ्ग हाउस लिमिटेड ।

नई दिल्ली–फरवरी १९८८ ।



Downloaded from http://dhamma.digital